सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१५ वैशाख २०८१, शनिबार (27 April 2024, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक १५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झन् नयाँ

पुनर्निर्माणको कथा

जनताको सहयोगमा उठेको भक्तपुर



अनुभूति

● सुनील प्रजापति
प्रमुख, भक्तपुर नगरपालिका

थाई भूमिमा नेपाली कक्षा



थाइल्यान्डभर १२ सय नेपाली मूलका विद्यार्थीले नेपाली भाषा सिकिरहेका छन्

● कमलराज भट्ट



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

LITMUS CABLES
QUALITY मा NO. 1



NEPAL'S LARGEST
WIRES & CABLES BRAND



9801914455
litmus@rameshcorp.com

नियन्त्रणबाहिर आगलागी र डढेलो

१४ दिनमा १० जनाको मृत्यु, ४६३ घर पूर्ण रूपमा ध्वस्त, ९४४ परिवार विस्थापित

४३ जना घाइते ● २०२ मा घरमा आंशिक क्षति ● २७१ गोठ जले, ४४६ पशुचौपाया मरे ● २३ करोड ७३ लाखको भौतिक क्षति

पाँच वर्षमा आठ हजार ३३२ घरमा आगलागी : ४७१ को मृत्यु, झन्डै १२ अर्बको क्षति

■ **नेपालमा आगलागी र डढेलोको पूर्वानुमान किन हुँदैन ?**



मौसम पूर्वानुमान महाशाखाकी मौसमविद् शान्ति कँडेलको जवाफ (पृष्ठ २)

यम बम / नयाँ पत्रिका


वैशाख लागेयता देशभर आगलागी र डढेलो भयावह बनेको छ। गत वर्षको तुलनामा क्षति पनि दोब्बरले बढेको छ। शुक्रबार मात्र देशका दर्जनौं ठाउँमा आगलागी भएको छ।

गृह मन्त्रालयमातहतको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको तथ्यांक (नेपाल प्रहरीले संकलन गरेको) हेर्दा १४ वैशाखसम्म देशका चार सय २६ ठाउँमा आगलागी भएको छ भने दुई सय ४३ स्थानमा डढेलो बस्ती पसेको छ। १४ दिनमा आगलागीमा परी १० जनाले ज्यान गुमाएका छन्। ४३ घाइते भएका छन्। ६ सय ६५ घरमा आगलागी हुँदा नौ सय ४४ परिवार प्रभावित/विस्थापित भएका छन्। २३ करोड ७३ लाखको भौतिक क्षति आकलन गरिएको छ।

गत वर्ष यही अवधि (१-१४ वैशाख)मा तीन सय ३३ ठाउँमा आगलागी-डढेलो लाग्दा पाँचजनाको मृत्यु भएको थियो, २२ जना घाइते भएका थिए। एक सय २५ घर पूर्ण र ९१ घर आंशिक गरी दुई सय १६ घरमा आगलागी हुँदा तीन सय ९७ परिवार प्रभावित भएका थिए। एक सय चार गोठमा आगो लाग्दा दुई सय तीन चौपाया मरेका

» पृष्ठ २ मा क्रमशः

■ देशभरका वनजंगलमा डढेलो



देशभरका वनजंगलमा डढेलो छ। नासाले स्याटेलाइटबाट लिएको तस्बिरका आधारमा विश्लेषण गर्दा पछिल्लो २४ घण्टामा तीन सय ७६ ठाउँमा डढेलो लागेको छ। यो कम्तीमा एक किलोमिटर क्षेत्रमा लागेको डढेलो हो। नक्सा हेर्दा पश्चिम तराई र पहाड तथा मध्यनेपालको पहाडी क्षेत्रमा डढेलो धेरै देखिन्छ। सामुदायिक र राष्ट्रिय वन मात्र होइन, संरक्षित वन (निकुञ्ज, आरक्ष)मा पनि डढेलो छ। सबैभन्दा बढी कैलालीमा ३० ठाउँमा डढेलो लागेको छ। त्यस्तै, धेरै डढेलो लागेका जिल्लामा सल्यान र सुर्खेतमा २८-२८, बर्दियामा २५, डडेल्धुरामा २४, दाङमा २३, प्युठानमा १७, डोटीमा १५ र उदयपुरमा १३ ठाउँमा डढेलो छ। बिहीबार चार सय ४० र बुधबार चार सय ६३ ठाउँमा डढेलो थियो। वन तथा भूसंरक्षण विभागका अनुसार नेपालमा बर्सेनि दुई लाख हेक्टर वन क्षेत्रमा डढेलो लाग्ने गरेको छ। पछिल्लो तथ्यांक हेर्दा नेपालमा डढेलोमा मात्र (बस्तीमा भएका आगलागीबाहेक) बर्सेनि सातजनाको ज्यान जाने गरेको छ।

■ विपत् प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेल भन्छन्- **मान्छेको लापरबाहीकै कारण आगलागीले विकराल रूप लियो**



यसपटक आगलागी र डढेलोले विकराल रूप लिन्छ भनेर प्राधिकरणले पहिल्यै आकलन गरेको थियो। त्यहीअनुसार सजगता अपनाउन भनेका थियौं। तर, मान्छेकै लापरबाहीका कारण आगलागीले विकराल रूप लिएको हो। खेतमा झारपात डढाउने नाममा होस् कि खर राम्रो हुन्छ भनेर जंगलमा आगो लगाउने होस्, मान्छेले नै गरेका हुन्। आगो फैलिन तयार भएर बसेको अवस्थामा सलाई कोरिदिँदा जंगल, बस्ती जलिरहेका छन्। यो हिउँदमा २० प्रतिशत मात्र पानी पऱ्यो, सुक्खा लम्बिएको छ। देशभर तापक्रम बढेर तराईमा त तातो हावाको लहर चलिरहेको छ। गत दुई वर्षमा डढेलो कम लागेको थियो, यसपटक जंगलमा पातपतिंगर, दाउरा थुप्रिएर बसेका थिए। जंगलमा चिस्यान कम भयो, हावाहुरी पनि चलिरहेको छ।

को कहाँ चुके ?

● डा. धर्मराज उप्रेती
जलवायु तथा विपत् व्यवस्थापनविज्ञ



जनस्तरमा लापरबाही : गहुँको छ्वाली जलाउन र फोहोर डढाउन लगाइएको आगो बस्ती र जंगलमा सल्किरहेको छ। जनस्तरमा यसरी भइरहेको लापरबाहीले घर मात्र जलेका छैनन्, मान्छेकै ज्यान गइरहेको छ। खर राम्रो हुने, घाँस पलाउँछ भनेर जंगलमा आगो लगाउने, चुरोटको ठुटा फ्याँक्ने गर्दा आगलागीले विकराल रूप लिएको हो।

सामुदायिक वनको सक्रियता देखिएन : यसपटक आगलागी वा डढेलो धेरै ठाउँमा हुन्छ भन्ने अनुमान थियो। देशभर २२ हजार सात सय सामुदायिक वन छन्। तर, आगो लाग्न नदिन सामुदायिक वनको भूमिका देखिएन। हरेक सामुदायिक वनले अग्निरेखा बनाएका हुन्छन्। यसले जंगलको डढेलो गाउँबस्ती पस्न दिँदैन। जंगलमा पनि ब्लक छुट्याइएको हुन्छ, एक ठाउँमा लागेको आगो अर्को ब्लकमा सल्किन पाउँदैन। तर, सामुदायिक वनले अग्निरेखा सफा (डढेलो सल्किहाले अन्यत्र नफैलियोस् भनेर पातपतिंगर डढाएर बनाइएको रेखा) गरेन। यसले जंगल सखाप भएर बस्तीमा गइरहेको छ।

पालिका र प्रदेश सरकारको भूमिका देखिएन : आगो लागिसकेपछि निभाउनमा स्थानीय तह अगाडि छन्। तर, आगलागी हुन नदिनका लागि माइकिङ गर्ने, सचेतना फैलाउने काम गर्नुपर्ने हो, त्यो देखिएन। यसमा प्रदेश सरकारको त झनै भूमिका देखिएन।

संघ सरकार लाचार : आगलागीको प्रक्षेपण भइसकेपछि संघ सरकारले पूर्वतयारी गर्नुपर्थ्यो, गरेन। देशभर आगलागी, डढेलो लाग्न थालेपछि गृह प्रशासन र जिल्ला प्रशासनले सुरक्षाकर्मी परिचालन गर्नुपर्दथ्यो। अटेरी गर्ने, आगो लगाउनेलाई पक्रेर कारबाही गर्ने अभियान नै थालेको भए जनस्तरको लापरबाही कम हुन्थ्यो। प्रशासनले एक्सन लिएमा डराउँथे, तर यसप्रति ध्यान गएन। ठूलो क्षेत्रमा डढेलो, बस्ती नै सखाप हुने गरी आगलागी भइरहेको छ। दमकल प्रयोग गर्दा पनि निभाउन दिनभर लागिरहेको छ। यस्ता ठूला आगलागी भएका क्षेत्रमा सरकारले हेलिकोप्टरको बकेटमार्फत पनि आगो निभाउनुपर्ने हो। डढेलो बस्तीमा जानबाट रोक्न सकिन्थ्यो। यसमा सरकारले मतलब गरेको छैन। आगो लागिसकेपछि सुरक्षाकर्मी निभाउन जान्छन्, यथोचित उपकरण नहुँदा ज्यान गुमाउनुपरेको छ। डोल्पामा तीन सैनिकको ज्यान गयो। स्याउलाले आगो निभाउन पठाइन्छ।

उपनिर्वाचनको तयारी पूरा, आज मतदान

इलाम २ मा ७९ मतदानस्थल र १४९ मतदान केन्द्र तथा बझाङ (१) मा ७४ मतदानस्थल र ९३ मतदान केन्द्रमा आज मतदान हुँदै

इलाममा **चिरञ्जीवी घिमिरे**
बझाङमा **लोकेश साउद**

इलाम २ र बझाङ प्रदेश (१) मा उपनिर्वाचनको सम्पूर्ण तयारी पूरा भएको छ। शनिबार बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदान हुँदै छ।

एक लाख १६ हजार आठ सय ८९ मतदाता रहेको इलाम २ मा दलका १२ र सात स्वतन्त्र गरी १९ उम्मेदवार चुनावी मैदानमा छन्। यहाँ ७९ मतदानस्थल र एक सय ४९ मतदान केन्द्र तोकिएको छ। उपनिर्वाचनका लागि यहाँ सात सय ४५ कर्मचारी र तीन

» पृष्ठ २ मा क्रमशः



मतदानका लागि तयारीमा रहेको इलाम १ स्थित नेपालटार माध्यमिक विद्यालयको मतदान केन्द्र

■ सुन तस्करीमा बाबुछोरा नै संलग्न

डेढ किलोभन्दा धेरै सुन र करिब सवा करोड रुपैयाँ बरामद



गणेशदत्त बडू (बाबु) आयुष बडू (छोरा)

नयाँ पत्रिका

चीनबाट नेपाल हुँदै भारत तस्करी गर्न लागिएको सुनसहित प्रहरीले सातजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा बाबुछोरासमेत छन्। दार्चुलाको महाकाली नगरपालिका- ३ टाटे बस्ने ४७ वर्षीय गणेशदत्त बडू र उनका २१ वर्षीय छोरा आयुषलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले पक्राउ गरेको हो। बडू सात वर्षअघि पनि सुन तस्करीमा पक्राउ परी

» पृष्ठ २ मा क्रमशः

काठमाडौं र अपराध अनुसन्धान कार्यालयका एसएसपी आठ महिनामै फेरिए

काठमाडौं/ गृह मन्त्रालयले शुक्रबार ६ एसएसपीको सरुवा गरेको छ। सरुवामा जिल्ला प्रहरी परिसर, काठमाडौं र काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख फेरिएका छन्। काठमाडौंमा एसएसपी वसन्त रजौरे र अपराध अनुसन्धान कार्यालयमा सानुराम भट्टराईलाई जिम्मेवारी दिइएको छ। काठमाडौं परिसरका एसएसपी भूपेन्द्रबहादुर खत्री र अपराध अनुसन्धान कार्यालयका एसएसपी सोमेन्द्रसिंह राठौरलाई आठ महिनामै हटाइएको छ। त्यस्तै, कोशी प्रदेश तालिम केन्द्र विराटनगरमा एसएसपी अभिनारायण काफ्लेलाई पठाइएको छ। त्यहाँ कार्यरत राजन अधिकारीको प्रहरी प्रधान कार्यालयमा सरुवा भएको छ।

■ नेपालमा औलो नियन्त्रण प्रयासको सय वर्ष

पछिल्ला वर्षमा ९५% भन्दा बढी संक्रमण आयातित, लक्ष्य हासिल कठिन

● डा. संगीताकौशल मिश्रा,
महानिर्देशक, स्वास्थ्य सेवा विभाग



आयातित दर उच्च हुँदा औलो निवारण चुनौतीपूर्ण बन्दै गएको स्वास्थ्य सेवा विभागले जनाएको छ। हरेक नाकामा स्वास्थ्य परीक्षण गरेर मात्र नेपाल भित्रिने अवस्था बनाउन नसक्दा संक्रमण नियन्त्रणमा ल्याउन सकिएको छैन।

मञ्जु टेलर / नयाँ पत्रिका


औलो रणनीतिक योजना २०१४-२०२५ अनुसार सन् २०२५ सम्म औलोमुक्त हुने नेपालको लक्ष्य छ। तर, भारतसहितका देशबाट भित्रिने औलोको दर उच्च हुँदा नेपालका लागि लक्ष्य हासिल कठिन भएको छ। नेपालमा औलो नियन्त्रण प्रयासको सय वर्ष पुगिसकेको छ।

नेपालमा पछिल्ला केही वर्षमा देखिइरहेको औलो संक्रमणको ९५ प्रतिशतभन्दा बढी भारतलगायतका देशबाट भित्रिने गरेको तथ्यांक छ। पछिल्लो पाँच वर्षमा देशभर देखिएको संक्रमणको आधारमा ८२ देखि ९६ प्रतिशतसम्म औलो अन्य देशमा संक्रमण

» पृष्ठ २ मा क्रमशः

■ पछिल्लो आठ आर्थिक वर्षको तथ्यांक

५,९६९ व्यक्तिमा संक्रमण देखिँदा ४,२३३ आयातित



■ हिमाल उक्लिँदै औलो

सामान्यतः तराई र चुरे क्षेत्रमा बढी देखिने औलो पछिल्लो समय उच्च पहाडी र हिमाली क्षेत्रमा पनि देखिन थालेको छ। जलवायु परिवर्तन र आयातित औलोका कारण उच्च पहाडी र हिमालमा पनि औलो देखिएको हुन सक्ने कर्णाली प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको हो। स्वास्थ्य निर्देशनालयको तथ्यांकअनुसार यस वर्ष मात्रै कर्णालीमा २४ जनामा औलो पुष्टि भएको छ। जसमध्ये सुर्खेतमा २०, दैलेख दुई र कालिकोट तथा हुम्लामा एक-एकजनामा औलो देखिएको हो।

यसबाहेक मुगुका विभिन्न स्थानीय तहमा गरी पछिल्लो पाँच वर्षमा मात्रै १३ जनामा औलो देखिएको थियो। यस्तै, हुम्लामा पछिल्लो पाँच वर्षको अवधिमा ३२ जना औलोबाट प्रभावित भएका छन्। हुम्लाबाहेक सबै जिल्लामा आयातित औलो पुष्टि भए पनि उच्च पहाडी र हिमाली भेगमा औलो प्रभावितको संख्या बढ्दै जानु जोखिमपूर्ण रहेको कर्णाली प्रदेश स्वास्थ्य निर्देशनालयका प्रमुख डा. रविन खड्का बताउँछन्। 'अरू जिल्लामा देखिएका औलो रोगका बिरामी आयातित हुन्,' उनले भने, 'हुम्लामा देखिएको औलो रोगका बिरामी त्यहीं उत्पन्न भएका हुन्।'

■ ग्वार्को 'फ्लाइओभर'



शब्द/तस्बिर : **संजित परियार** / नयाँ पत्रिका

ललितपुरको ग्वार्कोस्थित फ्लाइओभर। आगामी असारभित्र निर्माण सक्ने गरी सडकको दायाँबायाँतर्फ रि-वाल प्यानल हालेर बीचमा माटो फिलिङ गरी स्लोप बनाउने काम भइरहेको छ। १२ वैशाखमा ग्रिडर राख्ने काम पनि भएको सडक विभागका सिडिई राकेश महर्जनले बताए। उनका अनुसार अब ग्रिडरमाथि स्लोप ढलानको काम हुनेछ। आगामी असारभित्र अन्डरपास सडकसहित चार लन सेडक भएको फ्लाइओभर निर्माणको लक्ष्य छ। आशिष-समानान्तर-रेलिगेर जेभीले भ्याटसहित १७ करोड ६ लाखमा २७ माघ ०७८ मा फ्लाइओभरको ठेक्का पाएको थियो। ११ फागुनभित्र निर्माण सक्नुपर्ने सम्झौता रहे पनि अब आगामी असारसम्मको लक्ष्य राखिएको छ।

उपनिर्वाचनको...

पृष्ठ १ बाट क्रमशः

हजार सुरक्षाकर्मी परिचालन गरिएको छ।

६१ हजार सात सय ४८ मतदाता रहेको बझाङ प्रदेश (१) मा दलबाट १२ जनाको उम्मेदवारी परेको छ। ७४ मतदानस्थल र ९३ मतदान केन्द्रमा ६ सय ५१ कर्मचारी र एक हजार दुई सय सुरक्षाकर्मी परिचालन गरिएको छ।

आयोगले तोकिएको मतदान केन्द्रमा उपस्थित भई मतदान गर्न मतदातालाई अपिल गरेको छ। चुनाव स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न आचारसंहिता पालनामा विशेष सजगता अपनाइएको आयोगका सहायक प्रवक्ता रामदत्त पाण्डेयले बताए। 'निर्वाचन अनुगमन समिति, अनुगमन अधिकृत, मतदान कार्यमा खटिएका कर्मचारी एवं सुरक्षाकर्मीबाट समेत सूक्ष्म अनुगमन भइरहेको छ,' उनले भने।

BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.
BFC
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त वित्तीय संस्था

प्रधान कार्यालय
बेष्ट भवन, कमलादी, काठमाण्डौं
फोन: ०१-४५४२४६१/६२/६३

धितोमा रहेको जायजेथा लिलाम बिक्री गर्ने बारे १५ दिने अत्यन्त जरूरी सूचना

(सूचना प्रकाशित मिति: २०८१/०१/१५ गते नयाँ पत्रिका दैनिक)

यस वित्तीय संस्थाको तपसिलको शाखा कार्यालयबाट ऋण कर्जा उपभोग गर्दै आएका तपसिलमा उल्लेखित ऋणीहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई कर्जा लिदाका बखत गरेको शर्त उल्लंघन गरी कर्जा चुक्ता नगरेको तथा कर्जा चुक्ता भुक्तान गर्न बारम्बार लिखित, मौखिक ताकेता एवं राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकाहरुमा सूचना प्रकाशित गरी जानकारी गराउँदा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्न कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ। अत: यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र संस्थामा सम्पर्क राखि संस्थालाई तिर्नु बुझाउन पर्ने बाँकि रकम चुक्ता फर्छ्यौट गर्न गराउन सम्बन्धित ऋणी, फर्मका प्रोप्राईटर, जमानीकर्ता तथा धितो सुरक्षण लेखि दिनु हुने जग्गाधनी समेतलाई यसै सूचना मार्फत सूचित गरिन्छ। उल्लेखित समय भित्र कर्जा चुक्ता फर्छ्यौट नगरे नगराएमा १६ औं दिनमा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित जायजेथा जहाँ जे जस्तो अवस्थामा रहेको छ सोहि अवस्थामा लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्नु पर्ने भएको हुनाले तपसिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम सकार वा खरिद गरि लिन इच्छुक सर्वसाधरण महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रहि शिलबन्दी बोलपत्र पेश गर्नहुन यसै सूचना मार्फत जानकारी गराइन्छ।

तपसिल:

१. ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
ऋणीको नाम: राम फेरन अहिर बुबाको नाम: सिया राम अहिर बाजेको नाम: मंगल अहिर पत्नीको नाम: सरोजा अहिर स्थायी ठेगाना: बढैयाताल गा.पा ३ बर्दिया हाल ठेगाना: बढैयाताल गा.पा ३ बर्दिया ना.प्र.नं. ७७४ जारी मिति: २०४४/११/२३ जारी जिल्ला: बर्दिया। **कर्जा शिर्षक: कृषि आवाधिक कर्जा** **शाखा कार्यालय : नेपालगंज बाँके**	१. **सरोजा अहिर** बुबाको नाम: सन्तराम अहिर ससुराको नाम: सिया राम अहिर पतिको नाम: राम फेरन अहिर स्थायी ठेगाना: बढैयाताल गा.पा ३ बर्दिया हाल ठेगाना: बढैयाताल गा.पा ३ बर्दिया ना.प्र.नं. ६५३०१२/६४१ जारी मिति: २०६२/११/१९ जारी जिल्ला: बर्दिया २. **शिव यादव** बुबाको नाम: राम फेरन अहिर बाजेको नाम: मंगल अहिर पत्नीको नाम: स्थायी ठेगाना: बढैयाताल गा.पा ३ बर्दिया हाल ठेगाना: बढैयाताल गा.पा ३ बर्दिया ना.प्र.नं. ६५-०१-७१-०२१९२ जारी मिति: २०७१/०४/०८ जारी जिल्ला: बर्दिया

धितो सुरक्षणको विवरण
श्री राम फेरन अहिर को नाममा मालपोत कार्यालय, गुलरीया बर्दिया मा दर्ता श्रेष्ता कायम रहेको, सोरहवा गा.बि.स वडा नं ८ बर्दिया स्थित कित्ता नं. १९५ को जम्मा क्षेत्रफल ६०९० ब.मी. को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
ऋणीको नाम: सदिक्षा सिन्जन किराना पसल दर्ता भएको कार्यालय: नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभाग कास्की दर्ता मिति :२०७६/०४/२४ प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४, बमोजिम दर्ता भएको स्थायी लेखा नम्बर ६११४२३५६४, दर्ता प्रमाण मिति २०७६/०४/३१ फर्मको ठेगाना : पोखरा महानगरपालिका वडा नं. ३१, नहरचोक कास्की **प्रोप्राइटरको नाम : सर्मिला ओझा** ना.प्र.प.नं.: १६९९६४,जारी मिति: २०६३/०४/०५, जिल्ला : कास्की बाबुको नाम: लक्ष्मण सुवेदी पतिको नाम:शिवराज ओझा बाजेको नाम: भिम प्रसाद ओझा **कर्जा शिर्षक : सहुलियतपुर्ण महिला उद्यमी कर्जा शाखा कार्यालय : पोखरा**	१. **शिवराज ओझा** ना.प्र.नं.: २३१९४, जारी मिति: २०५०/१०/१३ जारी जिल्ला : कास्की बाबुको नाम : भिम प्रसाद ओझा बाजेको नाम: जुठु ओझा ठेगाना : थुम्की गा.वि.स वडा न. ०९, कास्की २. **सदिक्षा ओझा** ना.प्र.नं. ४६-०२-७८-०२७४८ जारी मिति : २०७८/११/०६ जारी जिल्ला : कास्की बाबुको नाम : शिवराज ओझा बाजेको नाम: भिम प्रसाद ओझा ठेगाना : रुपा गा.पा वडा.न.०२, कास्की

धितो सुरक्षणको विवरण:
भिम प्रसाद ओझाको बुहारी, शिवराज ओझाको श्रीमति, सर्मिला ओझाको नाममा मालपोत कार्यालय कास्कीमा दता श्रेष्ता कायम रहेको कास्की जिल्ला सिर्कुतान गा.बि.स वडा नं.९ स्थित कि.नं. १००६ जम्मा क्षेत्रफल १४८४.४१ वर्ग मिटर को जग्गा र उक्त जग्गाले चर्चेको लिगलिगापात समेत।

३. ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
फर्मको नाम : सरोज ग्रिल उद्योग ठेगाना: कावासोती न.पा. वडा नं.-०४, नवलपरासी (ब.सु.प)। दर्ता नं: २९५०/७०६८ दर्ता मिति २०७३/०३/०६ पान नं. ६०५५२५५९१ **कर्जा शिर्षक: ब्यापार ओभरड्राफ्ट कर्जा** **प्रोपराईटर : इन्द्र बहादुर महतो** ना.प्र.नं.:३४२९९ जारी मिति: २०६०/०७/०५ जारी जिल्ला: नवलपरासी बुबाको नाम: काशीराम महतो बाजेको नाम: बाबुराम महतो स्थायी ठेगाना : कावासोती -०४, नवलपरासी (ब.सु.प)। हाल ठेगाना: कावासोती न.पा. वडा नं.-०४ नवलपरासी (ब.सु.पु)। **शाखा कार्यालय : कावासोती**	१. **इन्द्र बहादुर महतो** ना.प्र.नं.३४२९९, जारी मिती . २०६०/०७/०५ जारी जिल्ला . नवलपरासी बुबाको नाम: काशीराम महतो बाजेको नाम: बाबुराम महतो स्थायी ठेगाना : कावासोती न.पा. वडा नं.-०४ हसौरा नवलपरासी (ब.सु.पु)। हाल ठेगाना: कावासोती न.पा. वडा नं.-०४ हसौरा नवलपरासी (ब.सु.पु)। २. **बुध कुमारी महतो** ना.प्र.नं.: ६६९७३ जारी मिती : २०४६/०३/१५ जारी जिल्ला : नवलपरासी पतिको नाम: काशीराम महतो ससुराको नाम: बाबुराम महतो स्थायी ठेगाना : कावासोती न.पा. वडा नं.-०४ हसौरा नवलपरासी (ब.सु.पु) हाल कावासोती न.पा. वडा नं.-०४ हसौरा नवलपरासी (ब.सु.पु)। ३. **सपना महतो** ना.प्र.नं.३६२०१८/२४५७, जारी मिती : २०६७/१२/०४ जारी जिल्ला : नवलपरासी पतिको नाम: इन्द्र बहादुर महतो ससुराको नाम: काशीराम महतो स्थायी ठेगाना : कावासोती न.पा. वडा नं.-०४ हसौरा नवलपरासी (ब.सु.पु)। हाल कावासोती न.पा. वडा नं.-०४ हसौरा नवलपरासी (ब.सु.पु)।

धितो सुरक्षणको विवरण:
सुरक्षण धितोको विवरण: बाबुराम महतोको बुहारी, काशीराम महतोको श्रीमती, बुध कुमारी महतोको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासीमा दर्ता श्रेष्ता कायम रहेको, जिल्ला नवलपरासी गा.वि.स. शिवमन्दीर वडा नं ९/ख स्थित कि.नं १०४ को जम्मा क्षेत्रफल ०-२-२, को जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

४. ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
श्री. सबनम प्रधान बाबुको नाम: अमृत लाल प्रधान बाजेको नाम: कृष्ण लाल प्रधान ठेगाना: काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २९ ना.प्र.नं.: ३९४६ जारी मिति: २०४७/०८/१२ जारी जिल्ला: काठमाडौं कर्जा शिर्षक: पेशागत कर्जा ओ.डि शाखा कार्यालय :न्युरोड	श्री प्रविर मान सिंह प्रधान बाबु : प्रचण्ड मान सिंह प्रधान बाजे : प्रकट मान सिंह प्रधान ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं २९, हाल काठमाडौं जिल्ला, का.म.पा वडा नं. १४, कूलेश्वर ना.प्र.नं. : २८०३ जारी मिति : २०४९/०७/२४ जारी स्थान : काठमाडौं

सुरक्षण धितो विवरण : पेशागत कर्जाका निम्ती श्री प्रबिर मान सिंह प्रधानको ऋण रकम बराबरको व्यक्तिगत जमानी पत्र।
शेयर कर्जा ओ.डि का निम्ती विभिन्न कम्पनीका शेयरहरु:

शेयर विवरण	रोक्का गरिएको कित्ता संख्या	शेयर विवरण	रोक्का गरिएको कित्ता संख्या	शेयर विवरण	रोक्का गरिएको कित्ता संख्या
NMB	121	KPCL	11	SHIVM	50
CBBL	12	MNBBL	65	KMCDB	20
HDHPC	10	NIL	74	HBL	94
HDL	27	GRDBL	51	CIT	13
HURJA	20	NABIL	77	CZBIL	11
NIMB	19	NICA	50	-	-

धितो लिलाम बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम २०८१/०१/१५ गते देखि संस्थाको प्रधान कार्यालय/सम्बन्धित शाखा कार्यालयबाट रु.१०००।०० तिरी (फिर्ता नहुने गरी) प्राप्त गर्न सकिनेछ।
२. बोलपत्रदाताले बोलपत्र आवेदन साथ धरौटी स्वरुप आफुले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको प्रधान कार्यालयमा रहेको (Payable auction deposit A/C no. 917105010080) खातामा नगद दाखिला गरी सोको सक्कल भौचर, बैंक तथा वित्तीय संस्थाले यस संस्थाको नाममा जारी गरेको बैंक जमानत (Bid Bond) वा यस संस्थाको नाममा खिचिएको बैंक तथा वित्तीय संस्थाको Good for payment cheque संलग्न गर्नु पर्नेछ।
३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ। बोलपत्रदाता प्राकृतिक व्यक्त भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था, फर्म, कम्पनी भएमा अख्तियारनामा सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (प्यान) प्रमाणपत्रको प्रतिलिपि समेत आवेदन साथ पेश गर्नुपर्नेछ।
४. शिलबन्दी बोलपत्र फारम मिति २०८१/०१/२९ गते भित्र यस संस्थाको प्रधान कार्यालय कमलादीमा दर्ता गराई सक्नु पर्ने छ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखी आएका आवेदनहरु उपर कुनै कारबाही गरिने छैन।
५. सो बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस संस्थाको प्रधान कार्यालय कमलादी काठमाण्डौमा सरकारी प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्र खोलिने दिन सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिनमा सोहि स्थान र समयमा बोलपत्र खोलिने छ। बोलपत्र खोलिने दिन बोलपत्रदाताहरु उपस्थित हुनुपर्नेछ तर बोलपत्रदाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन।
६. बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले १५(पन्ध्र) दिन भित्र धरौटि वापत जम्मा गरेको रकम कटाई बाँकी कबोल गरेका रकम यस संस्थामा जम्मा गर्नुपर्नेछ। उक्त मिति भित्र बाँकी रकम जम्मा नगरे धरौटि रकम जफत हुनेछ यसमा पछि कुनै उजुर लाग्ने छैन। स्वीकृत बोलपत्रदाताले सम्पत्ति आफ्नो नाममा दा.खा. नामसारी गर्दा लाग्ने नियमानुसारको सरकारी शुल्क/दै-दस्तुर आफैले बुझाउन पर्नेछ।
७. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ।
८. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट कार्यालय समयमा निरन्तर लिलामको कार्य जारी रहनेछ।
९. यस सम्बन्धमा अन्य कुराहरु बुझ्नु पर्ने भएमा संस्थाको प्रधान कार्यालय कमलादीमा सम्पर्क राखि जानकारी लिन सकिनेछ।

शिलवन्दी बोलपत्र खोलिने मिति : २०८१/०१/३० गते आइतबार
स्थान : प्रधान कार्यालय, कमलादी, काठमाण्डौं, समय : दिउँसो ३:०० बजे

नियन्त्रणबाहिर...

पृष्ठ १ बाट क्रमशः

थिए भने १४ करोड १३ लाखको क्षति भएको छ।

महोत्तरी मटिहानी नगरपालिका- ६ जरलहवा टोलमा बुधबार भएको भीषण आगलागी एक सय तीन घरमा सल्कियो। एक सय घर पूर्ण रूपमा जलेका छन्। झन्डै पाँच सय स्थानीय विस्थापित भएका छन्। परालको कुनिउँमा लागेको आगो बस्तीभर फैलिएर एक करोड ६२ लाख ८५ हजारको क्षति भएको आकलन मटिहानी नगरपालिकाको छ। पछिल्लोपटक हरेक दिन कुनै न कुनै ठाउँमा आगलागी भइरहेको छ। तर, बस्ती नै सखाप पार्ने गरी भएको जरलहवाको आगलागी ०८१ कै पहिलो हो। वनमा लागेको डढेलो ८ वैशाखमा बस्ती पसेपछि इस्मा गाउँपालिका- २ हस्तीचौर र वडा नम्बर ४ सिदुंखाकाका २६ घर, ४९ गोठ जलेका थिए। एक सय ९९ स्थानीय छिमेकी र त्रिपालमुनि बसेका छन्। ९ वैशाखमा सप्तरी कञ्चनरूप नगरपालिका- ५ पडेमारामा आगलागी हुँदा १२ परिवारका २४ घर जलेका थिए।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले आगलागीका कारण र आगामी दिनमा ठूलो क्षति हुन नदिन अपनाउनुपर्ने सजगताबारे अध्ययन गर्न प्राधिकरणले टोली खटाएको बताए। 'डढेलो निभाउन तीन प्रकारका तालिम दिएका छौँ। वन उपभोक्ता र युवालाई आगो निभाउने तालिम दियौँ। आगो निभाउन खटिने सुरक्षा अंगलाई पनि फायर फाइटिङसम्बन्धी तालिम दिएका छौँ। त्यस्तै, जिल्ला प्रहरी प्रमुख, प्रमुख जिल्ला अधिकारीसहित सरोकारवाला निकायलाई पनि तालिम दिएका छौँ,' उनले भने, 'यसपटक महोत्तरी, सप्तरी र गुल्मीमा आगलागीका ठूला घटना भएका छन्। ती क्षेत्रमा भएको क्षतिको विस्तृत अध्ययन, आगलागीका कारण र आगामी दिनमा ठूलो क्षति हुन नदिन अपनाउनुपर्ने सजगताबारे अध्ययन गर्न प्राधिकरणले टोली नै खटाएको छ।

पाँच वर्षमा आठ हजार ३३२ घरमा आगलागी : ४७१ को मृत्यु, झन्डै १२ अर्बको क्षति

पाँच वर्षमा आठ हजार तीन सय ३२ घरमा आगलागी भएको छ। राष्ट्रिय विपत् न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार ०७६ देखि ०८० सम्म आगलागी (बस्ती पसेका डढेलोसहित)का १५ हजार तीन सय ४० घटना रेकर्ड हुँदा पाँच हजार तीन सय ४३ घर जलेर नष्ट भएका छन्। दुई हजार नौ सय ८९ घरमा क्षति पुगेको छ। पाँच वर्षमा आगलागीमा परी चार सय ७१ जनाको ज्यान गएको छ भने एक हजार नौ सय ८० जना घाइते भए। तीन हजार सात सय ४१ गोठ जलेका छन् भने आठ हजार तीन सय १३ पशुचौपाया मरेका छन्। ११ अर्ब ९८ करोड ८८ लाख ५४ हजारको क्षति आकलन गरिएको छ।

गत वर्ष चार हजार पाँच सय ३४ ठाउँमा आगलागी हुँदा एक सय १९ जनाको ज्यान गएको थियो। पाँच सय ३१ जना घाइते भएका थिए। एक हजार एक सय १५ पूर्ण र पाँच सय ३५ आंशिक गरी एक हजार ६ सय ५० घरमा क्षति पुगेको थियो। नौ सय ४१ गोठ जलेका थिए भने दुई हजार दुई सय १६ पशुचौपाया मरेका थिए। दुई अर्ब ५४ करोड ७२ लाखको क्षति भएको थियो।

०७९ मा तीन हजार दुई सय १४ ठाउँमा आगलागी, डढेलो हुँदा एक सय १० जनाको मृत्यु भएको थियो। तीन सय ९५ जना घाइते भएका थिए। नौ सय ९२ पूर्ण र पाँच सय ९० आंशिक गरी एक हजार पाँच सय ८२ घरमा क्षति हुँदा तीन हजार सात सय ७४ परिवार प्रभावित भएका थिए। दुई हजार एक सय ७३ चौपाया मरेका थिए भने सात सय २९ गोठ जलेका थिए। दुई अर्ब ५२ करोड ७० लाखको क्षति भएको थियो।

०७८ मा भने आगलागी केही कम भएको थियो। दुई हजार चार सय ६६ ठाउँमा आगलागी हुँदा ९५ जनाको मृत्यु भएको थियो। तीन सय ८१ जना घाइते भएका थिए। सात सय ७७ घर पूर्ण र सात सय २६ आंशिक गरी एक हजार पाँच सय तीन घरमा क्षति पुगेको थियो। नौ सय ६८ पशुचौपाया मरेका थिए भने ६ सय १५ गोठ जलेका थिए। दुई अर्ब २७ करोड ३४ लाखको क्षति भएको थियो।

०७७ मा दुई हजार पाँच सय ८६ ठाउँमा आगलागी हुँदा ९७ जनाको मृत्यु भएको थियो भने तीन सय ७९ जना घाइते भएका थिए। एक हजार ११ घर पूर्ण र ६ सय ८७ घरमा आंशिक गरी एक हजार सात सय ९८ घर जलेका थिए। सात सय ६९ गोठ जल्दा एक हजार चार सय १४ पशुचौपाया मरेका थिए। त्यस वर्ष एक अर्ब ८२ करोड १८ लाखको क्षति भएको थियो। ०७६ मा दुई हजार चार सय ९५ आगलागीका घटना हुँदा ५० जनाको मृत्यु भएको थियो। दुई सय ९४ जना घाइते भएका थिए। एक हजार तीन सय २१ घर पूर्ण र चार सय ४३ घर आंशिक गरी एक हजार सात सय ६४ घरमा क्षति भएको थियो। तीन हजार एक सय ४१ परिवार प्रभावित भएका थिए। ६ सय ५१ गोठ जल्दा एक हजार पाँच सय २८ पशुचौपाया मरेका थिए। दुई अर्ब ७९ करोड एक लाखको क्षति भएको थियो।

मौसमविद्‌लाई प्रश्न- नेपालमा आगलागी र डढेलोको पूर्वानुमान किन हुँदैन ?

● **शान्ति कँडेल**, मौसमविद्, मौसम पूर्वानुमान महाशाखा

अमेरिका, अस्ट्रेलियालगायत विकसित मुलुकमा आगलागी-डढेलोबारे पूर्वानुमान गर्ने गरिन्छ। तर, नेपालमा अभ्यास छैन। 'अस्ट्रेलियामा आगलागी धेरै हुन्छ, त्यहाँ मौसम एजेन्सीले नै आगलागीको पूर्वानुमान गर्छ। हामीले गरेका छैनौं। केही वर्षअघिसम्म नेपालमा आगलागी यति बिघ्न समस्याका रूपमा थिएन,' मौसम पूर्वानुमान महाशाखाका मौसमविद् शान्ति कँडेलले भनिन्, 'अहिले डढेलो, आगलागीले विकराल रूप लिन थाल्यो। विभागले नै पूर्वानमान गर्नुपर्छ भन्ने लाग्छ।'

तर, आगलागी, डढेलो बढ्छ कि बढ्दैन भनेर प्रस्ट रूपमा पूर्वानुमान गर्न त्यस क्षेत्रको मौसमी पूर्वानुमान, वर्षा हुन्छ कि हुँदैन र तापक्रम कति हुन्छ भन्ने एकुरेट मिल्नुपर्ने उनी बताउँछिन्। 'नेपालमा अध्ययन-अनुसन्धान ल्याप्सेस छ। कति सुक्खा हुँदा, तापक्रम कति हुँदा त्यस क्षेत्रमा आगलागी फैलन्छ भनेर थ्रेसहोल्ड चाहिन्छ। मोडल पनि डेभलप गर्नुपर्‍यो,' उनले भनिन्, 'त्यसपछि वर्षाको पूर्वानुमान जसरी आगलागीको पूर्वानुमान पनि गर्न सकिन्छ।' र, विकसित प्रविधिलाई पनि आत्मसात् गर्नुपर्ने उनी बताउँछन्।

वनजंगलमा डढेलो धेरै लाग्ने-नलाग्ने भनेर मौसमी प्रणालीमा आधारित हुने गर्छ। 'जब सुक्खा हुन्छ, पानी पर्दैन भने सानो चिजले पनि आगलागी हुन सक्छ,' उनले भनिन्, 'पानी परेको छ भने चुरोटको ठुटो फाले पनि आगो सल्किँदैन। डढेलो घटना मौसमले निर्धारण गर्छ, बढ्छ कि बढ्दैन भनेर।' कुनै एक ठाउँमा आगलागी भयो भने कतातिर फैलन्छ भनेर हावाको गतिमा भर पर्ने गर्छ। 'हावा जता बहन्छ, त्यतातिर आगो फैलिन्छ, आगलागीपछि तापक्रम बढ्छ। प्रदूषण बढ्छ,' उनले भनिन्, 'तापक्रम धेरै छ, हावा चलेको छ भने घरमा लागेको आगो पनि बस्तीका अन्य घरमा फैलने सम्भावना हुन्छ।' पछिल्लो तीन दिनमा पहाडी क्षेत्रमा फाटफुट वर्षा हुने देखिए पनि तराईमा सम्भावना छैन।

पछिल्ला वर्षमा...

पृष्ठ १ बाट क्रमशः

भएर नेपाल आएका व्यक्तिमा पुष्टि भएको पाइएको छ।

स्वास्थ्य सेवा विभागको इपिडिमियोलोजी तथा रोग नियन्त्रणको महाशाखाका अनुसार चालू आर्थिक वर्षमा देखिएको औलो संक्रमणमध्ये ९६.८६ प्रतिशत संक्रमण अन्यन्त्रबाट आएका व्यक्तिमा पुष्टि भएको छ। चालू आर्थिक वर्षमा अहिलेसम्म ५७४ जनामा संक्रमण देखिएकोमा १८ जना मात्र नेपालमा पुष्टि भएका हुन्।

यस्तै, आव ०७९/८० मा ५२८ जनामा संक्रमण देखिएकामा ५०५ जना बाहिरबाट नेपाल आएका थिए। यो कुल संक्रमणको ९५.६४ प्रतिशत हो। यस्तै, आव ०७८ /७९ मा ४९१ जनामा संक्रमण देखिँदा ४५३ जना बाहिरबाट संक्रमित भएर आएका थिए। अर्थात् ९२.२६ प्रतिशतमा आयातित औलो संक्रमण थियो।

०७७/७८ मा ३७७ जनामा संक्रमण देखिएको थियो, जसमध्ये ३११ जना भारतलगायत देशबाट संक्रमित भएर आएका थिए। अर्थात् ८२.४९ प्रतिशत संक्रमित आयातित थिए। यस्तै, ०७६/७७ मा पनि ८३.५२ प्रतिशत बाहिरबाट संक्रमित भएर आएका थिए। अर्थात् ६१९ संक्रमित हुँदा ५१७ जना बाहिरबाट संक्रमित भएर नेपाल आएको पुष्टि भएको थियो।

औलो संक्रमण देशभरि नै छ। महाशाखाको तथ्यांकअनुसार पछिल्लो समय सबैभन्दा बढी औलो संक्रमण लुम्बिनी प्रदेशमा छ। यसपश्चात् सुदूरपश्चिम र बागमतीमा संक्रमण बढी छ। आर्थिक वर्ष ०८०/८१ को फागुनसम्ममा लुम्बिनीमा २२१, सुदूरपश्चिममा १५०, मधेशमा ६५ जना, बागमती प्रदेशमा ४८ जना, कर्णाली प्रदेशमा २४, कोशीमा १२ र गण्डकीमा नौजना औलो रोगको बिरामी भेटिएका छन्।

आयातित दर उच्च हुँदा औलो निवारण चुनौतीपूर्ण बन्दै गएको स्वास्थ्य सेवा विभागले जनाएको छ। हरेक नाकामा स्वास्थ्य परीक्षण गरेर मात्र नेपाल भित्रिने अवस्था बनाउन नसक्दा संक्रमण नियन्त्रणमा ल्याउन नसकिएको विभागका महानिर्देशक डा. संगीताकौशल मिश्राले बताइन्। उनका अनुसार पछिल्ला वर्षहरूमा भारतबाट फर्किएका व्यक्तिको स्थानीय तहहरूमा अनिवार्य स्वास्थ्य परीक्षणको कार्यक्रम प्रभावकारी बनाउने काम भइरहेको छ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. रुद्र मरासिनीका अनुसार उच्च पहाडी र हिमाली क्षेत्रमा समेत औलो देखिन थाल्नु र समयमा औषधि तथा विषादी छर्न नसकिनु, मागअनुसार कीटनाशक झुल अथवा विषादी व्यवस्थापन गर्न नसक्नु, ठूला सरकारी अस्पताल तथा निजी अस्पतालहरूको रिपोर्टसमेत स्वास्थ्य सूचना प्रणालीमा समाविष्ट गर्न नसक्नुलगायतका कारण औलो उन्मूलन चुनौतीपूर्ण बनेको छ। साथै, नियन्त्रणका लागि मागबमोजिम आर्थिक स्रोत व्यवस्थापन गर्न नसक्नु, तालिमप्राप्त स्वास्थ्यकर्मीको अभाव हुनु, स्थानीय तह वा स्वास्थ्यकर्मीको प्राथमिकतामा औलो नपर्नु वा शंकास्पद बिरामीको समेत परीक्षण नभइरहेकोले नियन्त्रणमा चुनौती भइरहेको डा. मरासिनी बताउँछन्।

सरकारले मलेरिया संक्रमण कम गर्न औषधि र कीटनाशक उपचार गरिएको झुल वितरण गर्दै आएको छ। यसबाहेक संक्रमण अत्यधिक भएका क्षेत्रमा बालबालिकालाई औलोविरुद्धको खोप प्रयोगसमेत गरिँदै आएको छ।

औलो निवारण कार्यक्रमको एक शताब्दी

औलो निवारण कार्यक्रम झन्डै एक शताब्दी बितिसक्दासमेत नियन्त्रणमा आउन सकेको छैन। औलो निवारण कार्यक्रम देशको पहिलो जनस्वास्थ्य कार्यक्रम हो। औलो निवारण कार्यक्रम सन् १९२५ मा आइएमएसका मेजर फिलिप्सद्वारा मकवानपुर र चितवन उपत्यकामा औलोको अध्ययन गरी सुरु गरिएको थियो। त्यसपश्चात् सन् १९५४ मा कीटजन्य रोग नियन्त्रण कार्यक्रम थालिएको थियो। त्यसपछि १९५६ देखि ५८ सम्म राप्ती उपत्यका औलो नियन्त्रण कार्यक्रम सञ्चालन गरियो। त्यसपश्चात् सन् १९५८ मा पहिलोपटक देशव्यापी (प्रभावित क्षेत्र) रूपमा औलो उन्मूलन कार्यक्रम लागू गरिएको थियो। सन् १९७८ मा औलो नियन्त्रण कार्यक्रमलाई निरन्तरता दिइयो। सन् १९९२ मा विश्व स्वास्थ्य संगठनद्वारा ग्लोबल औलो नियन्त्रण रणनीति जारी भयो। सन् २०२० मा उक्त रणनीति परिमार्जनसहित जारी गरियो भने सन् २००७ मा क्षेत्रीयस्तरमा औला नियन्त्रण रणनीति जारी गरियो। र, हाल सन् २०१४ देखि २०२५ सम्मका लागि औलो निवारण कार्यक्रम प्रभावित क्षेत्र लक्षित गरी सञ्चालनमा छ।

डेढ किलोभन्दा...

पृष्ठ १ बाट क्रमशः

छुटेका व्यक्ति हुन्। त्यतिवेला उनी ८८ केजी सुन तस्करी मुद्दामा पक्राउ परेका थिए।

बडू बाबुछोरासहित झापा बिर्तामोड नगरपालिका- ३ बस्ने ३० वर्षीय दिनेश खरेल, २२ वर्षीय भरतराज खरेल पनि पक्राउ परेका छन्। उनीहरू पनि बडूकै आफन्त हुन्। त्यस्तै, सुन किन्न पैसा लिएर गएका भारतीयहरू ३७ वर्षीय अमोल विभुते र १८ वर्षीय दुईजना किशोर रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सोमेन्द्रसिंह राठौरले बताए। उनीहरूसँग एक किलो ७६८.२९ ग्राम सुन र एक करोड ४३ लाख ६० हजार रुपैयाँ फेला परेको छ। हालसम्मको अनुसन्धानमा सो सुन चीनबाट ल्याइएको खुलेको छ। नेपालतर्फ बडू नै यसका प्रमुख व्यक्ति देखिएका हुन्। यसमा चिनियाँ गिरोहसँग सम्पर्क देखिएको छ। पक्राउ परेका भारतीयहरू लामो समयदेखि नेपाल बस्दै आएका थिए।

हाल थप अनुसन्धानका लागि पक्राउ परेकालाई प्रहरीले राजस्व अनुसन्धान विभाग पठाएको छ। थप प्रमाण संकलन गरेर पछि संगठित अपराधमा अनुसन्धान गर्ने प्रहरी तयारी छ। तीन महिनादेखि निगरानी गरेर उनीहरूलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

प्रत्यक्ष दृष्टि बचत तथा ऋण सहकारी संस्था लिमिटेडको



तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता गर्न आउने १५ दिने अत्यन्त जरुरी सूचना

दोस्रोपटक प्रकाशित मिति : २०८१/१/१५

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नुभएको ऋण कर्जा समय-समयमा तिर्नु/बुझाउनु पर्ने साँवा, ब्याज र हर्जना रकम नतिरी नबुझाई संस्थासँग गरेको कर्जासम्बन्धी सर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्तालाई पटक-पटक मौखिक एवं लिखित जानकारी गर्दासमेत कर्जाको साँवा, ब्याज, किस्ता र हर्जना लगायतका रकमहरू बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजका नाममा यस संस्थामा रहेको सम्पूर्ण ऋण कर्जा चुक्ता भुक्तानी गर्नुहुन यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र संस्थामा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जना रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी व्यक्तिगत जमानीकर्ताहरूको धित्तो सुरक्षणस्वरूप संस्थालाई लेखिदिएको चल-अचल सम्पत्ति जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई संस्थाको सम्पूर्ण लेना रकम असुलउपर गर्नेतर्फ आवश्यक कानुनी कारबाही अगाडि बढाइने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी संस्थाले सकारेमा वा लिलाम बिक्रीबाट संस्थाको सम्पूर्ण बक्यौता असुलउपर नभएमा असुलउपर हुन नसकेको रकमको हदसम्म कानुनबमोजिम ऋणी व्यक्तिगत तथा जमानीकर्ताहरूको घर-घरानाबाट असुलउपर गर्ने प्रक्रिया आगाडि बढाइने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

पुनश्च: यो सूचना अवधिभित्र पनी साँवा, ब्याज तथा हर्जना आदि भुक्तान गर्न नआएमा लिलामी प्रक्रिया अगाडि बढाइनेछ।

ऋणीको नाम, थर र ठेगाना	धितोको विवरण	जमानी कर्ता
लक्ष्मी खड्का (ना.प्र.नं. : १३४८५, बझाङ) ठेगाना : बझाङ, हेमन्तबाडा-७ बाबु : कर्ण बहादुर खड्का बाजे : सिदु खड्का 	जिल्ला : सर्लाही न.पा. : हरिवन वडा नं. : ७ कित्ता नं. : २०० क्षेत्रफल : ०-७-०-० (बिघा १(०-२०-२०-१६))	
सिता कुमारी खड्का (ना.प्र.नं. : १०४१/२४६०३, काठमाडौं) ठेगाना : बझाङ, हेमन्तबाडा-७ बाबु : कर्ण बहादुर खड्का बाजे : सिदु खड्का 	जिल्ला : ललितपुर न.पा. : चापागाउँ वडा नं. : ६ कित्ता नं. : १९६ क्षेत्रफल : ०-१०-०-० जग्गा धनीको नाम सिता कुमारी खड्का ठेगाना : बझाङ, हेमन्तबाडा-७	**१ लक्ष्मी खड्का** (ना.प्रा.नं. : १३४८५, बझाङ) ठेगाना : बझाङ, हेमन्तबाडा-७ बाबु : कर्ण बहादुर खड्का बाजे : सिदु खड्का 

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्नयाँ
शनिबार १५ वैशाख ०८१
nayapatrikaofficial @naya_patrika

■ पुनर्निर्माणको कथा

जनताको सहयोगमा उठेको भक्तपुर

पैसाभन्दा जनता शक्तिशाली छन् भन्ने पुनर्निर्माणले देखाइदियो । त्यसैले यो पुनर्निर्माण अभियान नवनिर्माणको एक नयाँ थालनी पनि हो ।



● **सुनील प्रजापति**
प्रमुख, भक्तपुर नगरपालिका



तस्बिर : **सतिश पोखरेल**



फाइल तस्बिर



फाइल तस्बिर

पुनर्निर्माणपछिको पाँचतले मन्दिर (माथि), भक्तपुर नपा- १ स्थित भाजुपोखरी र भक्तपुर नपा- ५ स्थित भैरवनाथ मन्दिर पुनर्निर्माणमा जुटेका स्थानीय ।

> श्रमदान गर्ने इच्छा बोकेर आउनेहरूलाई पालो दिन नै नगरपालिकालाई हम्मे थियो । माटो मुछ्ने, डल्ला पास गर्ने, इँटा बोक्नेलगायतका कामका लागि कम मात्र ज्याला खर्च भयो । यसरी जनस्तरबाट सहयोग नभएको भए पुनर्निर्माण सम्भव नै हुने थिएन ।

०७२ वैशाखको भूकम्पबाट अति प्रभावित १४ जिल्लामध्ये भक्तपुर एक थियो । पुरानो नगर क्षेत्र भग्नावशेषमा परिणत भयो । मानवीय क्षतिसमेत व्यहोऱ्यो । नाकाबन्दीलगायत विभिन्न कारणले झन्डै दुई वर्ष पुनर्निर्माणले गति लिन सकेन । भक्तपुरमा नेपाल मजदुर किसान पार्टी (नेमकिपा)को प्रभाव चार दशकभन्दा लामो समयदेखि छ । संघीयता कार्यान्वयनका लागि भएको पहिलो स्थानीय तह निर्वाचन ०७४ मा भक्तपुर नगरपालिकामा सुनील प्रजापति नेतृत्वमा नेमकिपाका सबै उम्मेदवार विजयी भए । भक्तपुरले विदेशी सहयोगविना नै जनताको प्रत्यक्ष सक्रियता र श्रममा पुनर्निर्माणको उदाहरणीय काम गरेको छ । **अन्वेषण अधिकारी**सँगको कुराकानीमा भक्तपुर नगरप्रमुख सुनील प्रजापतिले पुनर्निर्माण, स्वास्थ्य र शैक्षिक रुपान्तरणको अनुभव साटेका छन् :

स्थानीय तह निर्वाचनलगत्तै हामीले पुनर्निर्माणलाई गति दिनेबारे छलफल थाल्यौँ । विदेशी दाताहरूले सहयोगको प्रस्ताव ल्याउनुभएको थियो । तर, हाम्रो जोड आफ्नै शक्तिले उठ्नुपर्छ भन्नेमा रह्यो ।

निर्वाचनअघि नै जर्मन सरकारले जर्मन विकास बैंक (केएफडब्लु)मार्फत भक्तपुर नगरपालिका पुनर्निर्माणका लागि झन्डै १ अर्ब २० करोड रुपैयाँ (एक करोड युरो) दिने सम्झौता नेपाल सरकारसँग गरेको रहेछ । हामी निर्वाचित भएर आउँदा त्यो सम्झौता कार्यान्वयनको चरणमा थियो । त्यहाँ विभिन्न सर्त थिए । कुनै कम्पनीलाई पुनर्निर्माणको ठेक्का दिनुपर्ने, मुद्दा-मामिला पर्दा उनीहरूकै अदालतले हेर्ने, अडिटर उनीहरूले नै नियुक्त गर्ने, निर्देशक समितिको चयन उनीहरूले नै गर्ने, प्राविधिक उनीहरूले नै छनोट गर्ने, निर्देशक बोर्डकै सिफारिसमा सामान खरिद गर्नुपर्नेलगायत बुँदा थिए । हामी ठेक्कामा काम गर्न चाहँदैनथ्यौँ । हाम्रो आफ्नै अदालत छ, महालेखापरीक्षकको कार्यालय छ, यी सर्त मान्न सक्दैनौँ, सच्याउनुस् भन्यौँ । नेपाल सरकार र जर्मनीका प्रतिनिधिहरूसँग धेरैपटक छलफल भयो । तर, जर्मनीको संसद्बाटै अनुदान सम्झौता स्वीकृत भएर आएको हुनाले कुनै पनि बुँदा संशोधन गर्न नसकिने उहाँहरूको जवाफ आयो ।

एक अर्ब २० करोड फिर्ता जाँदा प्रश्न उठे । कतिपयले 'भक्तपुर लामो समयसम्म भग्नावशेषमा रहनेभयो' भनेर पनि टिप्पणी गरे । हामी कामले जवाफ दिनुपर्ने पक्षमा थियौँ । विदेशीका अनुभव पनि अध्ययन गरेका थियौँ । हाइटीमा सन् २०१० को भूकम्पपछि ठूलो संख्यामा आइएनजिओ र अन्तर्राष्ट्रिय दाता पुगे । अर्बौं डलर सहयोग जुट्यो । तर, पुर्ननिर्माण असफल भयो ।

उता, चीनले सिचुआनमा सन् २००८ को भूकम्पपछि तीन वर्षमै पुनर्निर्माण सम्पन्न गऱ्यो । यी अनुभव हाम्रा लागि पाठ बने । अर्को, विसं १९९० को भूकम्पको हाम्रो आफ्नै नजिर थियो । त्यतिवेला विदेशीसँग कुनै सहयोग नै नलिई नेपालले पुनर्निर्माण गरेको थियो ।

तीन सय वर्षभन्दाअघि हाम्रा पुर्खाले त्यति धेरै सम्पदा आफ्नै श्रमले बनाए । त्यसैले त अहिले हामीले त्यसमा अपनत्व महसुस र गर्व गर्न पाएका छौँ । विदेशीसँग अनुदान मागेर पुनर्निर्माण गर्दा भोलिको पुस्ताले गर्व गर्ने ठाउँ रहला ? यी प्रश्न हाम्रासामु थिए । त्यसैले हामीले आफैँ पुनर्निर्माण गर्ने योजना बनायौँ । त्यसपछि यसबारे जनतालाई बुझायौँ ।

नगरपालिकाले सञ्चालन गरेका दुई कलेज ख्वपः इन्जिनियरिङ कलेज र ख्वपः कलेज अफ इन्जिनियरिङबाट वार्षिक चार सय ३२ जना इन्जिनियर उत्पादन हुन्छन् । पुनर्निर्माणका लागि उनीहरूको योगदान महत्त्वपूर्ण हुनेवाला थियो । स्थानीय युवाहरूलाई पनि सिकर्मी र डकर्मीको तालिम दिइयो । श्रमदानका लागि स्थानीयलाई आह्वान गऱ्यौँ ।

हामीले कुनै पनि सम्पदा पुनर्निर्माण र जीर्णोद्धारको काम ठेक्कामा दिएनौँ । उपभोक्ता समिति गठन गरेर स्थानीयलाई पुनर्निर्माणको जिम्मा सुम्पियौँ । यसका लागि आवश्यक कानुन नगरसभाबाट पारित गऱ्यौँ । संविधानले आठौँ अनुसूचीमा दिएको २२ वटा ऐन बनाउन सक्ने अधिकार प्रयोग गर्दै नगरपालिकाले धेरै ऐन, कानुन र नियमावली बनाएको छ । शिक्षा ऐन, सहकारी ऐन, खेलकुद ऐन, कला संस्कृति संरक्षण ऐनलगायत ६७ वटा कानुन नगरपालिकाले बनाइसकेको छ । हामीलाई काम गर्दा कुनै विषयमा द्विविधा हुँदैन ।

स्थानीयलाई साथमा लिएर काम गर्नुपर्छ भन्नेमा हामी सधैँ स्पष्ट छौँ । पहिलो कार्यकालमै एक सय २४ वटा सम्पदा पुनर्निर्माण तथा जीर्णोद्धार भए । अहिलेसम्म आइपुग्दा एक सय ५८ वटा सम्पदाको पुनर्निर्माण तथा जिर्णोद्धार भइसकेको छ । १६ वटा पुनर्निर्माणको क्रममा छन् । मठ, मन्दिर,पाटी, द्योः छें, प्रवेशद्धार, सत्तललगायतको पुनर्निर्माण तथा जीर्णोद्धार चलिरहेको छ । इनार, पोखरी, ढुंगेधाराको पुनर्निर्माण तथा संरक्षणमा पनि स्थानीय उत्तिकै सक्रिय छन् ।

हुन त निजी घरहरूमा भूकम्पले ठूलो क्षति पुऱ्याएको थियो । तर, जनताले पहिले आफ्नो घरजत्तिकैको सम्पदा पुनर्निर्माण गर्नेमा ध्यान दिए । विदेशी सहयोग वा कुनै ठेकेदार कम्पनीअन्तर्गत काम हुँदा यस्तो अपनत्व पक्कै महसुस हुने थिएन ।

ऐतिहासिक न्यातपोल (पाँचतले मन्दिर) जीर्णोद्धारमा ४२ सयभन्दा धेरैले श्रमदान गरे । न्यातपोल जीर्णोद्धारमा ६५ लाख १३ हजार लाग्ने अनुमान नगरपालिकाले गरेको थियो । यसको माथिल्लो तला पूरै भत्केको र अन्य तला पनि चिराचिरा परेकाले जीर्णोद्धार गर्नुपर्ने थियो । तर, नगरपालिकाको ३८ लाख ७७ हजार रुपैयाँ अर्थात् अनुमान गरेभन्दा ५९.५२ प्रतिशत कम रकम खर्च मै जीर्णोद्धार सम्पन्न भयो । यसका लागि १६-१७ लाख जनस्तरबाट आर्थिक सहयोग उठ्यो । जिन्सी पनि उत्तिकै उठेको थियो । हामी आफैँले पुर्ननिर्माण गऱ्यौँ भनेर गर्व भयो । इन्जिनियरिङ कलेजका प्राध्यापकहरूले नै इन्जिनियरिङ र आर्किटेक्ट डिजाइन गर्नुभयो ।

पाँचतले मन्दिरको छानाका लागि चाहिने भिँगटी घरघरबाट मानिसहरूले खर्पनमा बोकेर ल्याई सहयोग गरेका थिए । ती भिँगटी पुराना संरचनामा प्रयोग भएका र संरचना भत्किएपछि प्रयोगविहीन अवस्थामा थिए । श्रमदान गर्ने इच्छा बोकेर आउनेहरूलाई पालो दिन नै नगरपालिकालाई हम्मे थियो । माटो मुछ्ने, डल्ला पास गर्ने, इँटा बोक्नेलगायतका कामका लागि कम मात्र ज्याला खर्च भयो । यसरी जनस्तरबाट सहयोग नभएको भए पुनर्निर्माण सम्भव नै हुने थिएन । भिँगटी नयाँ किन्न समस्या थियो । अहिले त यो उत्पादन हुँदैन ।

पैसाभन्दा जनता शक्तिशाली छन् भन्ने पुनर्निर्माणले देखाइदियो । त्यसैले यो पुनर्निर्माण अभियान नवनिर्माणको एक नयाँ थालनी पनि हो ।

तर, संघीय सरकारबाट हामीले जुन सहयोग पाउनुपर्ने थियो, त्यो पाएनौँ । काठ मात्रै सरकारी मूल्यमा उपलब्ध गराइदिएको भए सम्पदा पुनर्निर्माण धेरै सहज हुने थियो । थन्थु दरबार पुनर्निर्माणका क्रममा एक तलाका लागि अहिलेसम्म झन्डै दुई करोडको काठ मात्रै किनिसक्यौँ । मल्लकालीन त्यो दरबार विसं. १९९० सालको भूकम्पपछि पुनर्निर्माण गर्दा स्वरूप केही बदलिएको रहेछ । हामीले पुरानै स्वरूप कायम हुने गरी पुनर्निर्माण गरिरहेका छौँ । यसमा काठ धेरै प्रयोग हुन्छ । साँझ्या (बुट्टे झ्याल) बनाउन महँगो छ । हामीले आफ्नै वर्कसप, आफ्नै कालीगढमार्फत यस्ता कलाकृति बनाइरहेका छौँ । सरकारी रेटमै काठ सहज रूपमा पाएको भए प्रतिक्युफिट रु. तीन हजारजतिमा आउँथ्यो । अहिले टेन्डरमा करिब सात हजारजति तिरेर किन्नुपर्ने बाध्यता छ ।

दरबार स्क्वायरको नृत्य वात्सला मन्दिर निर्माणमा हामीले एक करोड २८ लाख रुपैयाँ लाग्ने इस्टिमेट गरेका थियौँ । तर, ७७ लाखमै पुनर्निर्माण भयो । त्यसमा पनि ६ लाख रुपैयाँ स्थानीय र विदेशी पर्यटकहरूबाट १-२ डलर चन्दा प्राप्त भएको थियो । स्थानीयको श्रमदान र सहयोग तथा नगरपालिकाको व्यवस्थापनका कारण नै झन्डै आधा मूल्यमा यसको निर्माण सम्पन्न भएको हो । ठेक्का दिँदा एक करोड २८ लाखले पुगेन भन्दै मानिस थप पैसा माग्न आउँछन् । समयमा पनि निर्माण हुँदैन । तर, उपभोक्ता समितिले धेरै सस्तोमा समयमै पुनर्निर्माण सम्पन्न गऱ्यो । जनताको ताकतको उदाहरण हो यो ।

> तीन सय वर्षभन्दाअघि हाम्रा पुर्खाले त्यति धेरै सम्पदा आफ्नै श्रमले बनाए । त्यसैले त अहिले हामीले त्यसमा अपनत्व महसुस र गर्व गर्न पाएका छौँ । विदेशीसँग अनुदान मागेर पुनर्निर्माण गर्दा भोलिको पुस्ताले गर्व गर्ने ठाउँ रहला ? यी प्रश्न हाम्रासामु थिए । त्यसैले हामीले आफैँ पुनर्निर्माण गर्ने योजना बनायौँ ।

९ नम्बर वडामा रहेको वाकुपति चाँगुनारायण मन्दिरको छानामा सुनको जलप लगाउने कामका लागि करिब दुई करोड अनुमान गरेकोमा निकै कम बजेटमै सम्पन्न भयो । नगद र जिन्सी (सुन, चाँदी)समेत गरी कुल एक करोड ३८ लाखभन्दा बढी खर्च भएकोमा नगरपालिकाको २५ लाख रुपैयाँ मात्रै खर्च भयो । अरू सबै चन्दा सहयोग प्राप्त भएको थियो । स्थानीयले सुनचाँदी पनि दान दिनुभयो । इस्टिमेट गर्ने, डिजाइन बनाउनेलगायत प्राविधिक काम नगरपालिकाले गरेको थियो ।

हनुमानघाटमा मौलिक शैलीको कलात्मक ढोका बनायौँ । करिब ४५-४६ लाखभन्दा बढी खर्च भयो । इस्टिमेट डिजाइन सबै नगरपालिकाले गऱ्यो । यहाँ सबै सहयोग स्थानीयबाटै उठ्यो । नगरपालिकाको एक पैसा पनि परेन ।

हामीले पुनर्निर्माण घोषणा गर्ने वेलामा नै भनेका थियौँ, पहिले आफैँ उठाउनुस् । नपुगेको सबै नगरपालिकाले व्यहोर्छ । स्थानीयले यसमा अपनत्व महसुस गरे । केही वर्षअघि मात्रै रानीपोखरी पुनर्निर्माण गऱ्यौँ । यहाँको रानीपोखरी काठमाडौंको भन्दा ४० वर्ष पुरानो हो । धेरैलाई थाहा नभएको उक्त पोखरी पनि जस्ताको त्यस्तै बनाएका छौँ । ऐतिहासिक भाजुपुखु यस्तै एक उदाहरण हो । भक्तपुर बहुमुखी क्याम्पससँगै जोडिएको यस पोखरी ८०० वर्ष पहिले बनेको थियो । तर, पछिल्लो समय यो जीर्ण थियो । ०५४ सालमा निर्वाचित नगरपालिकाका जनप्रतिनिधिहरूले ०५८ सालमा नै यस पोखरीलाई पुनर्निर्माण गर्न खोज्नुभएको थियो । तर, कार्यकालको अन्त्यतिर मात्रै काम सुरु भयो । ०५९ सालदेखि स्थानीय निकाय जनप्रतिनिधिविहीन भएकाले यहाँको काम अलपत्र पऱ्यो ।

पछिल्लो समय यहाँ वर्षायामबाहेकको समय पानी नै थिएन । स्थानीय सरकार बनेपछि हामीले यसलाई जिर्णोद्धार गरेर फेरि पहिलेकै अवस्थामा फर्काएका छौँ ।

उपभोक्ता समितिमार्फत काम गर्दा जनसहभागिता बढ्ने, कामप्रति अपनत्व महसुस हुने र कम बजेटमै योजना सम्पन्न हुने गरेको हाम्रो अनुभव छ । पारदर्शिता र कामको गुणस्तरमा कहिल्यै सम्झौता गरेका छैनौँ ।

केही समयअघि मात्रै एउटा जापानी संस्थाले श्वासप्रश्वास पुनर्स्थापना केन्द्र निर्माणका लागि सहयोग गर्ने प्रस्ताव गऱ्यो । हाम्रो एजेन्डा उही थियो, ससर्त हुनुभएन । ठेक्कामा काम गर्दैनौँ ।

पहिलो चरणमा एक करोड ७० लाख रुपैयाँ पैसा दियो । ठेक्का नदिने हो भने सम्झौता भएको आठ महिनामा भवन तयार गरेर हस्तान्तरण गर्नुपर्छ भन्यो । हामीले तपाईंहरू सबै प्राविधिक पनि ल्याउनुस् । अनुगमन पनि गर्नुस् । गुणस्तरमा सम्झौता हुँदैन, यो हाम्रा लागि पनि अवसर हो भन्यौँ ।

उक्त संस्थाबाट हप्तैपिच्छेजसो डाक्टर, इन्जियिनर र सम्बन्धित पदाधिकारी अनुगमनमा आउनुभयो । हामीले एक करोड ३६ लाखमा समयमै पुनर्निर्माण सक्यौँ । बाँकी रहेको ३४ लाख जापानमै फिर्ता पठाइयो । 'अरू ठाउँमा पैसा पुगेन भन्छ । तपाईंहरूले त सबै काम गरेर पनि उल्टै पैसा फिर्ता गर्नुभयो,' उनीहरूले अचम्म मान्दै भने । हाम्रो विशेषता नै यही हो ।

मौलिक स्वरूपमै निजी घर

हामी पुरानो सहरको मौलिकता कायम राख्नुपर्छ भन्नेमा सचेत छौँ । त्यहीअनुसार नीति बनायौँ । भक्तपुर नगरपालिकाको करिब तीन वर्ग किलोमिटरजतिमा फैलिएको प्राचीन सहरमा सबै घरको बाहिरी मोहोडा मौलिक शैलीकै छ । मोहोडामा लाग्ने इँटा, भिँगटी, काठका लागि नगरपालिकाले ३५ प्रतिशतसम्म अनुदानको व्यवस्था गरेको छ । अनुदानको व्यवस्थाले स्थानीयलाई उत्साहित पनि बनाएको छ । केही नियम पनि छन्, आल्मुनियम प्रयोग गर्न नपाइने, इँटा नै प्रयोग गर्नुपर्ने, काठको भ्याल नै राख्नुपर्ने । अहिले पूरै नगर घुम्दा पनि कुनै घरमा बाहिरबाट हेर्दा पिलर देखिँदैन । पिलर सिस्टमकै घर हो, तर इँटाले छोप्न लगाएका छौँ । नभए टायल भए पनि राख्नुपर्छ । यसले पर्यटन प्रवर्द्धनमा ठूलो भूमिका खेलेको छ । भक्तपुर पर्यटकीय नगर हो । पर्यटकलाई नै आकर्षित गर्न यहाँको मौलिकता कायम रहनुपर्छ । आधुनिक घरहरू हेर्न त को आउँछ र ?

पुनर्निर्माण लगभग अन्तिम चरणमा छ । मुद्दा-मामिला परेका एकाध निजी घरबाहेक बाँकीको पुनर्निर्माण भइसकेको छ । यहाँको कला र संस्कृतिको संरक्षणका लागि पनि काम भइरहेका छन् । कपाली समुदायले बजाउने मुहाली बाजा झन्डै लोप हुने अवस्थामा पुगिसकेको रहेछ । पछिल्ला पाँच-सात वर्षको अवधिमा ११-१२ जना नयाँ पुस्ताले मुहाली बाजा बजाउन सिकेका छन् ।

भूकम्पले भत्किएका विद्यालय पनि नगरपालिका आफैँले पुनर्निर्माण गऱ्यो । पुनर्निर्माणसँगै शैक्षिकस्तर बढाउनका लागि पनि प्रयास गरिरहेका छौँ । सामुदायिक र निजी स्कुलबीच भेद कम गरेका छौँ । शिक्षाको गुणस्तर राम्रो भए मात्रै जनता सचेत हुन्छन् भन्ने हाम्रो मान्यता हो । पाँच कक्षा, आठ कक्षा र १० कक्षामा गरी तीन चरणको नगरस्तरीय परीक्षा लिन्छौँ । शिक्षकहरूलाई पनि तालिम दिएर अब्बल बनाइरहेका छौँ । कालान्तरमा उनीहरू जुनसुकै जिल्लामा गएर काम गर्दा पनि भक्तपुरबाट सिकेर आएको भन्दा हामीलाई गर्व हुनेछ । बिउ राम्रो भएपछि नै उत्पादन राम्रो हुने भएकाले शिक्षकलाई प्रशिक्षण र तालिम पर्याप्त उपलब्ध गराउने गरेका हौँ । नगरपालिकाले आफ्नै लगानीमा दुईवटा इन्जिनियरिङ कलेजसहित उच्च शिक्षा प्रदान गर्ने सातवटा शैक्षिक संस्था सञ्चालन गरेको छ । वडा-वडामा शिशु स्याहार केन्द्र चलाइरहेका छौँ ।

विद्यालयमा पाठ्यक्रममा नेवारी संस्कृतिबारे पनि पढाइरहेका छौँ । पूर्णिमा, सकिमना पूर्णिमा, गठेमंगल, बिस्का जात्रा, दसैँ, तिहारलगायत यहाँका संस्कृति, जात्रा र महोत्सवबारे पढाइ हुन्छ । रञ्जना लिपि कोर्समै राखेका छौँ ।

हामीले नागरिकको स्वास्थ्य र शिक्षालाई सधैँ प्राथमिकतामा राखेका छौँ । भूकम्पले भक्तपुर अस्पतालमा क्षति पुगेको थियो । त्यो प्रादेशिक अस्पताल हो । नयाँ भवन निर्माण भइसकेको छ । नगरपालिकाले ख्वपः अस्पताल सञ्चालन गरिरहेको छ । यहाँ गएको आर्थिक वर्ष ७० जिल्लाका दुई लाख २० हजारभन्दा बढीले स्वास्थ्य सेवा लिए । पछिल्लो नौ महिनामा एक लाख ७८ हजारले सेवा लिइसकेका छन् । नगरपालिकामा ९० जना स्वास्थ्य स्वयंसेविका छन् । नर्सको नेतृत्वमा स्वयंसेविकाको टोली घरघरमै पुगेर सुत्केरी, ज्येष्ठ नागरिक, बिरामीलगायतको चेकजाँच गर्छ । वडावडामा डाक्टरसहितको स्वास्थ्यकेन्द्र छ । केही वडामा विशेषज्ञ डाक्टरसहितको सेवा छ । प्रत्येक नगरवासी २० मिनेटमा स्वास्थ्य केन्द्रसम्म पुग्न सक्छन् ।

कोभिडकालमा जनस्वास्थ्य केन्द्रलाई नै कोभिड अस्पतालका रूपमा बदल्यौँ । धेरै जिल्लाका मानिसले यहाँ सेवा लिए । जनस्तरको सहयोगबाट दैनिक एक सय २४ सिलिन्डर क्षमताको अक्सिजन प्लान्ट तयार भयो । अहिले नगरवासीहरूले अक्सिजनका लागि पैसा तिर्नुपर्दैन । रगतका लागि रेडक्रससँग सम्झौता गरेका छौँ, नगरवासीका लागि सबै रगत निःशुल्क वितरण गर्छौँ ।

जनताको विश्वास जित्न सक्दा लडेर पनि छोटो समयमै उठ्न सकिनेरहेछ । जनताको विश्वास भएन भने कुनै पनि परियोजना सफल नहुनेरहेछ । स्थानीय तहले अहिले धेरै अधिकार पाएका छन् । आफूसँग भएको स्रोतलाई उपयोगमा ल्याउन सक्नुपर्नेरहेछ ।

संघ र प्रदेश सरकारबाट बजेटमा पक्षपात भएको हाम्रो अनुभव छ । यो वर्ष बागमती प्रदेशबाट भक्तपुरलाई आउने बजेट शून्यजस्तै छ । कानुनअनुसार पाउनुपर्ने समपूरक अनुदान, विशेष अनुदान पनि पाएका छैनौँ । जब कि, यस्तो अनुदान त देशैभरका सबै नगरपालिकाले पाउँछन् ।

फिल्म निर्देशक क्रिस्टोफर नोलानलाई मनपर्ने पाँच फिल्म



क्रिस्टोफर नोलान निर्देशित 'ओपनहेइमर'ले केही समयअघि मात्रै ओस्कर अवार्डमा वर्षको उत्कृष्ट फिल्मसहित सात अवार्ड जित्यो। नोलानले उत्कृष्ट निर्देशकको अवार्ड जिते। उनले यसअघि 'मेमेन्टो', 'इन्सेप्सन', 'इन्टरस्टेलर', 'डनर्किक'जस्ता भिन्न जनराका फिल्म बनाइसकेका छन्। पृथक न्यारेटिभ र गज्जबका दृश्यको प्रयोगका लागि उनी प्रसिद्ध छन्। ५३ वर्षीय नोलान अन्य निर्देशकको तारिफ गर्न पनि पछि पर्दैनन्। उनलाई मनपर्ने ५ फिल्म यस्ता छन् :

अ स्पेस ओडिस्सी-२००१



स्ट्यान्ली कुब्रिक निर्देशित यस फिल्म १९६८ मा रिलिज भएको थियो। सात वर्षका नोलानलाई उनका बाबुआमाले यो फिल्म देखाउन लेस्टर स्क्वायर लगेका थिए। विज्ञान कथा लेखक आर्थर सी क्लार्कसँग मिलेर कुब्रिकले यो फिल्मको कथा लेखेका थिए। फिल्ममा केयर डुलिया, ग्यारी लकवुड, विलियम सिल्भेस्टरलगायतले अभिनय गरेका छन्। फिल्मले पृथ्वीबाहिर मानिसले गर्न सक्ने खोजीको कल्पना गरेको छ। बृहस्पती ग्रहतर्फ हिँडेका वैज्ञानिकको यात्रामा आउने चुनौतीबारे केन्द्रित छ। यसमा प्राचीनकालदेखि अत्याधुनिक युगसम्मको मानवताको यात्रा छ। आफूलाई यस फिल्मले निकै प्रभावित गरेको नोलान बताउँछन्।



ब्लेड रनर-१९८२

१९८२ मा रिलिज भएको यो फिल्मलाई रिडले स्कटले निर्देशन गरेका हुन्। यो फिल्म गज्जबको सिनेमाटोग्राफी र मनोवैज्ञानिक थिमका लागि प्रख्यात छ। आफ्नो जीवनमा यसले ठूलो प्रभाव पारेको नोलान बताउँछन्।



सेभिङ प्राइभेट रायन-१९९८

स्टेफेन स्पिलवर्गको यो फिल्म १९९८ मा प्रदर्शनमा आएसँगै युद्ध फिल्मको ट्रेन्ड बदलियो। पहिलो १० मिनेटमा त्यस्ता एक्सन दृश्य राखिएका छन्, जसलाई बिर्सन मुस्किल पर्छ। फिल्मले युद्धको मूल्य, सैनिकको त्याग र त्यसले उनीहरूका प्रियजनमा पार्ने भावनात्मक असरलाई देखाएको छ। दोस्रो विश्वयुद्धका दौरान अमेरिकी सैनिक नोर्म्यान्डीमा अवतरण गरेपछिका घटनाक्रमलाई फिल्ममा देखाइएको छ। डनर्किक बनाउने तयारीका क्रममा नोलानले स्पिलवर्गलाई भेटेर उनका अनुभव सुनेका थिए।



सुपरम्यान-१९७८

नोलानका फिल्ममा प्रायः यथार्थवाद र काल्पनिकताको मिश्रण हुन्छ। आफ्नो बाल्यकालमा सुपरम्यानका फिल्म हेरेकाले उनलाई यस्तो गर्न प्रेरणा मिलेको हुन सक्छ। सुपरम्यानका अनौठो कामलाई यथार्थ दुनियाँसँग जाडेर तयार गरिएका काल्पनिकीले उनलाई निकै प्रभावित गरेको थियो। उनी सामान्य र काल्पनिकीको मिश्रणले कथालाई रोचक बनाउँछ भन्ने मान्यता राख्छन्। काल्पनिकीको प्रयोगका बाबजुद पनि सुपरम्यान फिल्मले कसरी विश्वसनीयता कायम राख्छन् भन्ने विषयको उदाहरण उनले दिइरहने गरेका छन्। नोलानले आफ्नो फिल्म 'इन्सेप्सन' मा सपनाको दृश्यका दौरान सामान्य ठाउँ पनि असाधारण तरिकाले परिवर्तन भएको देखाएका छन्।

स्टार वार्स-१९७७

बाल्यकालमा स्टार वार्स सिरिजको प्रभाव पनि नोलानमा राम्रैसँग परेको थियो। १९७७ मा स्टार वार्सको पहिलो सिरिज आएको थियो, यतिबेला नोलान सानै थिए। स्पेस र साइन्स फिक्सन फिल्ममा लगाव बढ्नुको एउटा मुख्य कारण यो फिल्मको प्रभाव पनि हो। 'स्टार वार्स हेरेपछि मैले आफ्ना बुबाको सुपर ८ क्यामेरा चलाउन थालेँ,' नोलानले केहीअघि आफ्नो बाल्यकालबारे भनेका थिए। २०१४ मा यस सिरिजको प्रशंसा गर्दै उनले भनेका थिए, 'मलाई स्टार वार्सबारेका ससना सूचनाबारे पनि ठूलो चासो हुन्छ।'



एजेन्सीको सहयोगमा



थाई भूमिमा नेपाली कक्षा

थाइल्यान्डभर १२ सय नेपाली मुलका विद्यार्थीले नेपाली भाषा सिकिरहेका छन्

भाषा

कमलराज भट्ट

अरूका लागि गर्मी बिदा भनेको घुम्ने, परिवारसँग बिताउने हुन्छ। तर, नेपालीभाषी थाई बालबालिकाका लागि भने यो समय नेपाली भाषा सिक्ने अवसर हो। थाइल्यान्डमा बसोवास गर्ने नेपाली मूलका बालबालिकाले 'समर भ्याकेसन'मा नेपाली भाषा सिक्दै आएका छन्।

> कक्षा १ देखि १० सम्मका विद्यार्थीलाई एउटै कक्षामा राखेर नेपाली भाषा पढाउने गरिएको छ। थाई नेपाली संघ शिक्षा विभागले १ देखि ७ कक्षासम्मको पाठ्यक्रम तयार पारेको छ। ८ देखि १० कक्षाका लागि नेपालका विद्यालयमा पढाइ हुने नेपाली विषय नै पढाइन्छ।

थाइल्यान्डमा गर्मी बिदा तीन महिनाको हुन्छ। थाई नेपाली संघ (टिएनए)ले थाइल्यान्डभर आ-आफ्नो शाखा तथा उपशाखामार्फत नयाँ पुस्तालाई नेपाली भाषा, संस्कृति सिकाउन, नेपाली चाडपर्वबारे जानकारी दिन, पुर्खाको इतिहासबारे जानकार बनाउन कक्षा सञ्चालन गरेरै बालबालिकालाई नेपाली भाषा पढाउने गरेको छ। केही ठाउँमा नेपाली मूलका थाई नागरिकले स्वतस्फूर्त रूपमा पनि कक्षा सञ्चालन गर्दै आएका छन्।

टिएनएको केन्द्रीय शिक्षा विभागकाअनुसार देशभरका १० शाखाबाट नेपाली भाषा कक्षा सञ्चालन भइरहेको छ। बैंकक, फुकेट, खौलाक, करबी, मेसट, मेसाई, चिडमाई, कसामुई, पटाया र वाहिम शाखाले १२ सयभन्दा बढी विद्यार्थी पढाइरहेका छन्। यसमध्ये मेसट र मेसाईमा कक्षाभन्दा पनि समूहमा पढाइने गरेको छ।

बैंकक शाखाका अध्यक्ष ओमप्रकाश न्यौपाने यो नेपाली भाषा, संस्कृति, सभ्यता जोगाउने अभियान भएको बताउँछन्। 'थाई नेपाली संघको 'सभ्य जातिको सभ्य समाज' भन्ने भावना छ। यसैगरी, हामी पनि सभ्य मानव बन्नलाई कक्षा सञ्चालन गरिरहेका छौं। हाम्रो पुर्खाको धर्म संस्कृति नयाँ पुस्तालाई दिनकै लागि यत्रो दुःख गरेर जसरी पनि पढाउनुपर्छ भनेको हो,' उनले भने।

उनकाअनुसार सबैभन्दा ठूलो बैंकक शाखाअन्तर्गत आठवटा उपशाखामातहत ११ वटा विद्यालय सञ्चालन भइरहेका छन्। जसमा ६ सयजना विद्यार्थी छन् भने २२ जना शिक्षक छन्। फुकेटमा दुइटा पाठशाला सञ्चालन भइरहेका छन् भने अन्य सबै शाखामा एउटा पाठशालाबाट नेपाली भाषा पढाइ भइरहेको छ। सबै शाखामा एक-एकजना शिक्षक छन्।

बैंकको दुईवटा पाठशाला र अन्य शाखामा आफ्नै भौतिक संरचना छ, निजी भवन तथा मठमन्दिरमा पढाइन्छ। फुकेटमा भगवान् थान सनातन मन्दिरमा पढाइ हुन्छ। बैंककमा त्रिनाथ देवालय र टिएनएको सामाजिक भवनमा पढाइ हुन्छ। बैंककका अन्य उपशाखामा भने भवन भाडामा लिएर कक्षा सञ्चालन भइरहेका छन्।

अध्यक्ष न्यौपानेका अनुसार कक्षा मार्चबाट सुरु भएर मे महिनामा सकिन्छ। अन्तिममा परीक्षा लिएर मे महिनाको १५ देखि २० तारिखमा बिदाइ गरिन्छ। त्यसपछि थाई स्कुलमा सुरु हुने शैक्षिक सत्रमा पढ्न थाल्छन्।

भौतिक संरचनाको अभावका कारण कक्षा १ देखि १० सम्मका विद्यार्थीलाई एउटै कक्षामा राखेर नेपाली भाषा पढाउने गरिएको छ। थाई नेपाली संघ शिक्षा विभागले १ देखि ७ कक्षासम्मको पाठ्यक्रम तयार पारेको छ। ८ देखि १० कक्षाका लागि नेपालका विद्यालयमा पढाइ हुने नेपाली विषय नै पढाइन्छ। आगामी वर्षदेखि ८ देखि १० कक्षाको पाठ्यक्रम पनि आफैं बनाउने शिक्षा विभागको तयारी छ।

अध्यक्ष न्यौपानेले पाठ्यक्रम समयक्रमअनुसार परिमार्जन हुने गरेको बताए। 'पाठ्यक्रममा नेपालसम्बन्धी पाठ, थाइल्यान्ड, थाई नेपाली संघको विषय समावेश गरिएको छ,' उनी भन्छन्, 'आगामी वर्षदेखि थाई नेपाली संघले विज्ञहरूको सहभागिता समय-सुहाउँदो यहाँको रहनसहन, माटो सुहाउँदो हुने गरी १० कक्षासम्मकै पाठ्यक्रम बनाउँछ।'

थाइल्यान्डमा नेपाली कक्षा सञ्चालन गरेको १३ वर्ष पुगेको अध्यक्ष न्यौपानेले जानकारी दिए। 'योभन्दा पहिला पनि गाउँ-गाउँमा आफ्ना मातापिताले छुट्टै गुरु राखेर पढाउँथे,' उनले भने, 'पाठशाला खोलेर चलाएको १३ वर्ष पूरा भयो।'

नेपाली भाषा सिकाउने शिक्षकको निश्चित पारिश्रमिक छैन। स्वयंसेवी रूपमा भाषा संस्कृति प्रवर्द्धनमा योगदान गरिरहेको अध्यक्ष न्यौपाने बताउँछन्। 'शिक्षकले आफ्नो शाखा वा उपशाखा जहाँ पढाउनुहुन्छ, उहाँहरूलाई पारिश्रमिक शुल्क दिनुहुँदैन,' उनले भने, 'त्यहाँको नेपाली

साप्ताहिक राशिफल

१५ वैशाख (शनिबार) - २१ वैशाख (शुक्रबार)



सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद्। मो : ९८५१०६११२४

मेष

(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको प्रारम्भमा नयाँ कार्यको जिम्मेवारी बढ्नेछ। भाग्यले साथ दिनेछ भने काममा सोचेअनुसाकै सफलता मिल्नेछ। नयाँ काम सुरु गर्ने मौका छ। प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। वैदेशिक यात्राको अवसर मिल्ने छ।

वृष

(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

साताको प्रारम्भमा सामाजिक कार्यमा जुट्नुपर्ने छ। महत्त्वपूर्ण निर्णय सोचेअनुसार नै अगाडि बढ्नेछ। नयाँ कार्यको थालनी नगर्दा नै राम्रो हुनेछ। अरू कसैका कार्यमा लाग्दा सफलता पाउनुहुनेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ।

मिथुन

(का, कि, कु, घ, ङ, छ, के, को, ह)

साताको प्रारम्भमा रोकिएका काम सुचारु हुनेछन्। पारिवारिक सहयोगमा नयाँ योजना बन्नेछन्। सौन्दर्यतामा धन खर्च हुनेछ। मनोरञ्जनका साथै धार्मिक कार्यमा रुचि बढ्नेछ। घरमा अतिथिको आगमन हुनेछ। सेयर कारोबार गर्नेहरूका लागि अलि कमजोर समय रहने योग रहेको छ।

कर्कट

(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

रमाइलो यात्रा गर्ने अवसर जुट्नेछ । सामाजिक कार्यको जिम्मेवारी प्राप्तिको समय रहेको छ। पारिवारिक सम्बन्ध नजिकिँदै जानेछ । मन मिल्ने साथीको सुझावले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ। साताको अन्त्यमा काममा अवरोध हुन सक्ने सम्भावना रहेको छ।

सिंह

(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

महत्त्वपूर्ण जिम्मेवारी वहन गर्नुपर्ने समय आएको छ। मठमन्दिरको भ्रमणले काम सम्पन्न गर्न थप ऊर्जा प्रदान गर्नेछन्। साताको उत्तरार्द्धबाट व्यापार-व्यवसायमा बाधाको संकेत देखिएको छ। घर-व्यवहारको समस्याले सताउनेछ। नसोचेको ठाउँबाट धनागम हुनेछ।

कन्या

(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

यो सातामा मन पर्ने वस्त्र, अलंकार आदि पाइने योग छ। मनमा हर्ष, उमंग र उत्साह छाउला। वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ। पारिवारिक सद्भाव बढ्नेछ। अध्ययन-अध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ। साताको अन्त्यमा महत्त्वपूर्ण सूचना गोप्य राख्नु पर्नेछ।

तुला

(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

साताको प्रारम्भमा मनमा हर्ष, उमंग र उत्साह जाग्नेछ। प्रतिस्पर्धामा विजयी हुने संकेत देखिएको छ। वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ। धार्मिक यात्राको योग रहेको छ। व्यापार व्यवसायमा सफलता मिल्नेछ। आफन्त संग रमाइलो भेटघाटपनि हुनेछ।

वृश्चिक

(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

साताको प्रारम्भमा सरकारी कार्यमा मानसम्मान प्राप्तिको योग रहेको छ। धर्म, तथा समाजसेवामा मन लाग्नेछ। इच्छा र आकांक्षा पूर्ण हुनेछन्। आकस्मिक धनलाभ हुनेछ। मनमा हर्ष, उमंग र उत्साह छाउनेछ। नजिकका मित्रसँग भेटघाटले नयाँ कार्यको थालनी हुनेछन्।

धनु

(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

लगनशीलताले काम अगाडि बढ्नेछन्। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ ठाउँमा लगानीका योजना बन्नेछन्। आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुने संकेत देखिएको छ। आफन्तले तपाईंका विचारलाई समर्थन गर्नेछन्।

मकर

(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

साताको प्रारम्भमा नियम र अनुशासनलाई बेवास्ता गर्दा अवसर र लाभ गुम्न सक्ने योग रहेको छ। आदर्श व्यक्तिसँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ। नाता-कुटुम्बको आगमन हुने र परिवारमा नयाँ सदस्य थपिन पनि सक्ने सम्भावना छ।

कुम्भ

(गु, गे, गो, सा, सि, सु, से, सो, द)

लामो समयदेखि रोकिएका अधुरा कार्यले पूर्णता पाउनेछन्। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। धार्मिक तथा महत्त्वपूर्ण क्षेत्रको भ्रमणको अवसर मिल्नेछ। रोकिएका अधुरा काम पूरा हुनेछन्। अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ।

मीन

(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

श्रमको उचित मूल्यांकन हुने साता रहेको छ। पढाइमा प्रगति हुनुका साथै नयाँ कार्यको थालनी हुनेछ। समय उत्साहवर्द्धक नै रहनेछ। स्वास्थ्य प्रतिकूल रहने भएकाले सजगता अपनाउनु नै उचित हुनेछ। सामाजिक कामको दायित्व बढ्नेछ।


समीक्षा

नारायण सिवाकोटी

८७३ पृष्ठको पुस्तक 'भक्त गाथा' सन्त, महात्माबारे पढ्न चाहनेहरूका लागि रोचक छ

नेपालको आध्यात्मिक पाटोलाई बुझ्न राम्रै योगदान गर्न सक्छ। यस हिमवत्खण्डको सभ्यता र संस्कृति विश्वमै सर्व प्राचीन र उत्कृष्ट रहेको दाबा पुस्तकले गरेको छ। अर्वाचीन एवं अनुपम संस्कृत ग्रन्थ वेदको रचना महर्षि वेदव्यासले यसै भूखण्डमा गरेको मानिन्छ। अर्को महान् संस्कृत वाङ्मय रामायणका रचनाकार बाल्मीकि पनि यसै माटोका देन थिए। वैदिक सनातन धर्मका अनेकन प्रवर्तक यही माटोका सिर्जना भएको प्रमाण पुस्तकले पस्किन खोजेको छ।

पुस्तकको नाम 'भक्त गाथा' राखिएको छ। शीर्षक किन भक्त गाथा नै राखियो भनेर पुस्तकमा प्रस्टीकरण नै दिइएको छ - '...मातृभूमिप्रति अगाध प्रेम र निष्ठा राख्नेहरू देशभक्त हुन्। आफ्नो धर्म-संस्कृति र परम्पराप्रति आस्था राख्नेहरू पनि भक्त नै हुन्। अनेकन उपाय र माध्यमबाट सामाजिक चेतना उठाउने, समाजको भलाइमा अनवरत लागिरहने, निष्ठा र सदाचारको बाटोमा लाग्न पढाएर, लेखेर, बोलेर, प्रवचन र उपदेश दिएर प्रेरित गरिरहनेहरू सबैलाई भक्तका कोटीमा राख्नुपर्ने हुन्छ, जो मानवताका भक्त हुन्। पुस्तकको नाम भक्तगाथा जुरे पनि वास्तवमा यो नेपाल गाथा हो, नेपालीत्वको गुणगान हो।'



लेखकले दाबी गरेजस्तै पुस्तकलाई नेपाल गाथा, नेपालीत्वको गुणगान भन्न सकिन्छ। किनभने नेपाल भूमिको गौरवगाथामा योगदान पुऱ्याएका करिब तीन सय महामनाको संक्षिप्त जीवनी पस्किइएको छ यसमा। 'आ-आफ्नै किसिमले नेपालको सेवा गर्ने महामनाहरूको सूची तयार गऱ्यो भने हजारौँहजार पुग्छ। भक्त गाथामा उल्लेख गरिएका नाम त नगन्य अंश मात्रै हो।' पुस्तकका लेखक अनेकौं व्यक्तिको नाम छुटेको वा छुटाउनुपरेकोमा क्षमाप्रार्थी सुनिन्छन्। पुस्तकको विषय-सूचीमा वैदिक सनातन धर्मका प्रवर्तक, रामानुजीलगायत चार वैष्णव सम्प्रदायका चार खण्ड, बौद्ध सम्प्रदाय, जैन सम्प्रदाय, नाथ सम्प्रदाय, सिख सम्प्रदाय, दशनामी सम्प्रदाय, जोसमनी सम्प्रदाय, सत्यहाङमा सम्प्रदाय, निराकारी सम्प्रदाय, सिद्ध सन्तहरू,



थाइल्यान्डभरिका नेपाली मूलका बालबालिका पाठशालाहरूमा भेला हुन्छन् । शिविर सञ्चालन गरेर वैदिक ज्ञान, योग आशन, भाषा र आफ्ना पुर्खाबारे विभिन्न ज्ञान सिक्छन् । नेपालीबारे, गोर्खालीबारे जानकारी लिन्छन् । हामी को हौं भन्ने सिक्छन् ।



र सभ्यतालाई जोगाउन नेपालीहरू लाग्नुपर्ने सुझाए । उनी भन्छन्, 'नेपालले पनि हामीलाई आफ्नै हो भन्ने ठानिदिए हुन्थ्यो । नेपाल आउन सहुलियत दिए हुन्थ्यो ।'

बैंककभित्रको फाकनौ उपशाखा १६ का शिक्षक कृष्णजी सिटौला विद्यार्थीलाई बोल्नभन्दा नेपाली शब्द लेख्नमा कठिनाइ हुने बताउँछन् । 'बोल्न त सक्छन्, तर लेख्न सक्दैनन्,' उनी भन्छन् । उनका अनुसार प्रार्थनादेखि पुस्तकमा राखिएका पाठ पठाइन्छ । परीक्षा पनि लिइन्छ । 'थाई नेपाली समुदायमा नेपाली बोल्न जानोस्, नेपाली भाषा जोगाउनुपर्छ भनेर पढाइ हुन्छ,' शिक्षक सिटौला भन्छन् । थाइल्यान्डमा जन्मिएका सिटौला आफैं भने बर्मा गएर नेपाली पढेर आएका हुन् । बर्मा टाउन्जी आश्रममा संस्कृत पढेका उनी अहिले बालबालिकालाई पढाइरहेका छन् । 'हाम्रा पुर्खाको नेपाली भाषा पढाउँदा, अरूलाई हस्तान्तरण गर्दा रमाइलै लाग्छ,' उनी भन्छन् । यहाँ आफ्ना छोराछोरी पढाइरहेका राम सुवेदी आफ्ना बालबालिकालाई नेपाली भाषा, संस्कृति, चाडपर्व बुझाउन, पुर्खाबारे जानकारी दिन जरुरी रहेको बताउँछन् । 'हाम्रा केटाकेटीले हाम्रा पुर्खाको देश, कला, संस्कृति, पम्परा, भाषा बुझ्नुपर्छ । पछिल्लो पुस्तालाई यी कुरा छोडेर जानु हाम्रो कर्तव्य हो । हामी सबैले बच्चाहरूलाई यी कुरा दिन प्रयास गरिरहेका छौं ।'

थाइल्यान्डस्थित नेपाली राजदूतावासको तथ्यांकअनुसार थाइल्यान्डमा बसोवास गरिरहेका नेपाली र म्यानमारबाट काम गर्न आएका नेपाली गरेर करिब एक लाख हाराहारीमा नेपाली छन् । उनीहरूको साझा संस्थाको रूपमा सन् २०१० देखि थाई नेपाली संघ छ । जसले विभिन्न कार्यक्रम गरेर नेपालको भाषा, साहित्य र संस्कृति आफ्ना पछिल्लो पुस्तालाई सिकाउँदै आएको छ । संघले दूतावाससँग सहकार्य गरेर यी कार्यक्रम अगाडि बढाइरहेको छ । थाइल्यान्डमा मूलतः बर्माकै नेपाली आएर बसोवास गरेका हुन् । पिलोक (थाई-म्यान्मा सीमा)मा बसोवास गर्दै नेपाली नागरिक र बर्माबाट आएर थाई नागरिकता लिएका नेपालीले आफ्नो नयाँ पुस्तालाई पुर्खाको भाषा संस्कृति हस्तान्तरण अभियानअन्तर्गत कक्षा चलाएका हुन् । थाइल्यान्डमा नेपालीले नागरिकता पाउन थालेको सन् २००० देखि हो । यसअघि थाइल्यान्डमा बसे पनि नागरिकता थिएन । राजा वीरेन्द्रले आफ्नो भ्रमणमा थाई राजालाई नेपाली मूलका नागरिकलाई नागरिकता दिन अनुरोध गरेपछि खासगरी पिलोकनिवासी नेपालीहरूले थाई नागरिकता पाएका थिए । उनीहरूले थाई नेपाली संघ खोलेर संस्थागत रूपमै भाषा संस्कृति प्रवर्द्धनको अभियान थालेका थिए । साथै, त्रिनाथ देवालय मन्दिर पनि ३२ वर्षदेखि चलाएर नेपाली चाडपर्व, जन्मदेखि बिहे र मृत्युसम्मको परम्परा, विधि जगेर्ना गरिरहेका छन् ।

थाइल्यान्डका लागि नेपाली राजदूत धनबहादुर वली थाइल्यान्डमा आर्थिक हैसियत मजबुत बनाएका नेपाली मूलका थाई नागरिकमा आउँदो पुस्ताले नेपाली भाषा, साहित्य, संस्कृति बिर्सिन्छ कि भन्ने चिन्ता रहेको बताउँछन् । थाइल्यान्डमा बसेका नेपाली मूलका थाई नागरिकले आफ्ना छोराछोरीलाई नेपाल पढ्न-पठाउने ठूलो रहर देखाएको र यो नेपालका लागि सम्भावना भएको राजदूत वली बताउँछन् । 'थाइल्यान्डमा शिक्षा अर्को ठूलो क्षेत्र हो, जसले विदेशी पैसा आर्जन गर्छ । कुनै विदेशी विद्यार्थी भर्ना भयो भने उसको अभिभावकलाई समेत शिक्षा क्याटेगोरीमा भिसा दिन्छ । यसले विदेशी मुद्रा आयो, आर्थिक गतिविधि पनि बढ्यो,' उनले भने, 'यसैगरी हामीले नेपाली मूलका केही हजार विद्यार्थी नेपाल किन नलैजाने ? फेरि हाम्रो शिक्षा संसारकै स्तरीयतामा पर्छ । यो सम्भावनालाई हामीले किन आँकलन नगर्ने ? दुई-तीन हजार विद्यार्थी लैजाने गरी भिसामा सहजीकरण, उनीहरूका अभिभावकलाई सहज भिसाको व्यवस्था किन नगर्ने ? एउटा ठूलो सम्भावना छ, जहाँ हामीले प्रयोग गर्न सक्छौं ।' विद्यालयदेखि विश्वविद्यालयसम्म नेपाली भाषा, साहित्य र संस्कृतिमा रुचि भएका नेपाली मूलका विद्यार्थीलाई ल्याउन भिसामा सहजीकरणका लागि पहल भइरहेको उनको भनाइ छ । दूतावासको सिफारिसमा भिसामा सहुलियत हुने गरी मन्त्रिपरिषद्बाट तत्काललाई व्यवस्था गर्ने र ऐनमै पनि विशेष व्यवस्था राख्न पहल भइरहेको वलीले जानकारी दिए ।

समाजले आफैं मूल्यांकन गरेर खर्च दिन्छ ।'

अध्यक्ष न्यौपाने संरचना अभावकै कारण नेपाली भाषा कक्षालाई थप प्रभावकारी बनाउन नसकिएको बताउँछन् । 'हामीसँग भवन छैनन् । ठूलै भवन बनाउन कोसिस पनि गरिरहेका छौं । जसबाट बच्चाहरूलाई छुट्टै कक्षा मिलाएर पढाउन सकियोस्,' उनले भने ।

नेपाली भाषाको कक्षासँगै शिक्षा विभागले हरेक वर्ष शिक्षण शिविर पनि आयोजना गर्दै आएको छ । शिक्षण शिविरका लागि थाई नेपाली संघमा छुट्टै एकाइ छ । यसमा विशेषतः बालबालिकालाई पुर्खाबारे विभिन्न ज्ञान सिकाउने, प्रतिस्पर्धा गराउने गरिन्छ । थाइल्यान्डभरिका नेपाली मूलका बालबालिका यहाँ भेला हुन्छन् । यो शिविर पाँच दिनको हुन्छ । 'शिविरमा वैदिक ज्ञान, योगासन सिकाउने गरिन्छ । नेपालीबारे, गोर्खालीबारे जानकारी गराइन्छ । हामी को हौं भन्ने सिकाइन्छ । भाषा सिकाइन्छ । स्वभाव सिकाइन्छ । आफू को हुँ र के हुँ भन्ने सिकाइन्छ,' अध्यक्ष न्यौपानेले भने ।

नेपाली मूलका बालबालिकामा नेपाली भाषाप्रति लगाव रहेको र सिकाइमा रुचि हुने गरेको उनी बताउँछन् । 'हामी नेपाली सिक्न चाहन्छौं, पढ्छौं भन्ने विद्यार्थी छन् । किनभने मातापितासे नै त्यो गर्नुहुन्छ । घरबाटै प्रेरित भएर कक्षामा आउँछन्,' उनले भने । विद्यार्थीमा नेपाल देश हाम्रो मूल पुर्खाको देश हो भन्ने भाव रहेको उनको भनाइ छ । 'पितृ देशको भाव धेरै छ । त्यो हुनु नै हाम्रा लागि राम्रो हो,' उनले भने ।

नेपालमा भाषा संस्कृति मासिँदै गएकोमा परदेशमा रहेका नेपालीलाई चिन्ता हुने गरेको भन्दै अध्यक्ष न्यौपानेले आफ्नो भाषा, संस्कृति

भक्ति गाथामा नेपाली रत्नहरू

सिद्ध तन्त्राचार्य, धरोहर व्यक्तिहरू र नेपाल राष्ट्रका लागि योगदान गर्ने महापुरुषजस्ता १९ खण्ड छन् ।

'आर्य सभ्यता र आर्य विद्याको प्रचार-प्रसारका लागि समुद्र तर्ने दोस्रो ऋषि-महर्षि कण्व १० हजार चेलासहित प्राचीन मिश्रदेश पुगेका थिए । जुम्लाको मालिनी नदी-किनारमा उनको आश्रम थियो (दिनेशचन्द्र रेग्मी, नेपालको पौराणिक इतिहास पृ १६९) ।' पुस्तकलाई प्रामाणिकसिद्ध गर्न कतिपय स्थानमा यसरी स्रोतको मूलपाठलाई नै उद्धृत गरिएको छ ।

पुस्तकलाई नेपाल गाथा, नेपालीत्वको गुणगान भन्न सकिन्छ । किनभने यसमा नेपाल भूमिको गौरवगाथामा योगदान पुऱ्याएका करिब तीन सय महामनाको संक्षिप्त जीवनी पस्किइएको छ ।

छुटेका र समावेश गर्नैपर्ने केही व्यक्तिबारे लेखकले 'अक्षरका फूल-थुँगा र अर्चना' शीर्षकमा केही नाम उल्लेख गरेका पनि छन् । मत्स्येन्द्रनाथ, मैथली साहित्यका महाकवि विद्यापति र कलाधर अरनिकोजस्ता सबैले सुनेका केही नामसमेत छुटाएको देख्ता भने पुस्तक केही खल्लो लाग्न पुग्छ । आध्यात्मिक जगत्का एक विश्मयकारी हस्ती हैडाखानी बाबा (जसलाई महावतार बाबा भनिएको छ । महावतार बाबालाई अनुयायी एवं भक्त करिब दुई हजार वर्षदेखि आजपर्यन्त जीवित रहेको मान्छन् ।)लाई पनि नेपाली निधि दाबी गर्न खोजिएको देखिन्छ ।

एक मात्र अनिश्वरवादी धर्म बौद्ध धर्मका साथै जैन र सिखजस्ता धर्मलाई सम्प्रदाय भनिएकोमा चित्त बुझाउन कठिन हुन्छ र लेखक आग्रही भएको शंका उब्जन्छ । डा. स्वामी प्रपन्नाचार्यलाई उद्धृत गर्दै ऋषभदेवको जन्मस्थली र तपस्थली पनि नेपालमै भएको सन्देश दिन खोज्दा महिमा मण्डनको प्रवाहमा बढी नै बगेको हो कि भन्ने भान पनि पर्छ ।

अनेकान्तवादका प्रवर्तक भगवान् महावीर वर्धमानको जन्मस्थली वैशालीनगरको कुण्डग्रामलाई तत्कालीन नेपाल देशको भूखण्ड भन्न खोज्नुलाई कसरी अतिशयोक्ति नभन्नु । धरोहर व्यक्तिहरूअन्तर्गत इतिहास पुरुष शंखधर र पौरस्त्य ज्ञानका पुरोधा डा. नारायणदत्त श्रीमालीलाई मात्रै किन राखियो भनेर पनि जिज्ञासा उत्पन्न हुन्छ ।

पुस्तकले नेपाली माटोको मौलिक सुगन्धनाथ सम्प्रदाय र जोस्मणी सम्प्रदायका प्रवर्तकलगायतबारे राम्रै जानकारी पस्किएको छ । राजकुलका यशस्वी व्यक्तिअन्तर्गत काठमाडौं खाल्डोका किराँत राजा यलम्बर र भृकुटी तारा(जो तिब्बतमा हरिततारा नामले देवीका रूपमा सुप्रसिद्ध छिन्) देखि राजा त्रिभुवनसम्मलाई समेटिएको छ । नेपाल राष्ट्रका लागि योगदान गर्ने महापुरुषहरू भनी क्यान्सर रोगका डा. अञ्जनीकुमारसहितका १५३ जना व्यक्तिको संक्षिप्त चिनारी दिइएको छ । सूची-शीर्षक कुनै एउटा कुरालाई मात्रै आधार बनाएको देखिँदैन ।

वास्तवमा मानव इतिहास यस्ता अनेकौं पुरुषार्थको राजमार्ग हो । अनेकौं मानिसको योगदान र यत्नले सभ्यताको विकास भएको हुन्छ । नेपालको सभ्यता, संस्कृति र गौरवगाथामा पनि पक्कै अनगिन्ती जीवनको अतुलनीय योगदान रही आएको छ, जसको स्मरणले तिनको कदर गर्दै अगाडिको मार्गचित्र देखाउँछ । यसैले यो एकप्रकारले कदरग्रन्थ हो, अगाडिको सत्मार्गको प्रेरणा पनि हो ।

लेखक शिवप्रसाद ढकाल लामो समय त्रिवि प्रशासनमा कार्यरत रही सेवा निवृत्त, सञ्चार जगत् र अनुसन्धानको पनि अनुभव सँगालेका व्यक्ति हुन् । हरेक व्यक्तिको जीवनीपछि दिइएको पाद टिप्पणी र सन्दर्भग्रन्थसूचीले पुस्तकको प्रमाणिकता दर्साउँछन् । इतिहास लेखनको विधिलाई केही हदसम्म अनुसरण गरिएको देखिन्छ । दार्शनिक चिन्तन र ज्ञान-विज्ञानका दृष्टिले नेपालको के-कस्तो योगदान रह्यो, प्राचीन सभ्यताको उद्बोध यही माटोमा कसरी भयो भन्ने जिज्ञासा नै भक्त गाथा लेखनको पृष्ठभूमि भएको लेखकीय भनाइमा उल्लेख छ । यसर्थ, के आधारमा सूची-वर्गीकरण गरियो भनेर पनि टाउको दुखाइरहनु नपर्ला ।

...त्यस दिनदेखि नुन बोकेर घर गइनँ



ती दिन

शम्भु राई, गायक तथा उपकुलपति
नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान

२०३२ सालमा धनकुटाबाट नुन लिन धरान झर्रैं । धरानमा 'पूर्वाञ्चल लोकगीत प्रतियोगिता' भइरहेको रहेछ । त्यो प्रतियोगितामा भाग लिएर दुई-चारवटा गीत गाएँ । मलाई सबैले चिन्न थाले । त्यसपछि म धरानमै अड्किएँ ।

मधनकुटाको चुनबाङमा जन्मिएँ हुर्किएँ । मेरो बाल्यकाल दाउरा-घाँस गर्दै बित्यो । मलाई सानैदेखि गीत गाउन रहर लाग्थ्यो । मेलापात जाँदा गीत गुनगुनाउँथें । स्कुलका कार्यक्रममा पनि गीत गाउन भाग लिन्थें । पुरस्कृत पनि हुन्थें । हाटबजारमा जाँदा गीत गाउँथें । साथीभाइसँग मादल बजाउँथें । गीत गाउने नाच्ने गर्थें ।

गाउँमा कसैले रेडियो ल्यायो भने गीत सुन्नलाई रेडियोको पछिपछि दौडिन्थें । रेडियोमा नवीन किशोर, हिरण्य भोजपुरे, नारायणगोपाल, दीप श्रेष्ठ दाइहरूको गीत सुन्थें अनि तिनै गीत गुनगुनाउँथें । मलाई सानैदेखि सारंगीको धुन मनपर्थ्यो । त्यसैले सारंगी बजाउन थालें । यसरी नै मेरो गीत-संगीतमा जग बस्यो ।

> 'चलेछ बतास सुस्तरी...' गाएपछि मेरो सांगीतिक यात्रामा फरक मोड आयो । त्यो गीत निकै लोकप्रिय भयो । त्यसपछि झन् धेरैले मलाई चिन्न थाले । लोकप्रियता बढेपछि च्यालेन्ज महसुस भयो । त्यसपछि मैले झन् धेरै गीत गाउन थालें ।

२०३२ सालमा धनकुटाबाट नुन लिन धरान झर्रैं । त्यसवेला गाउँमा मोटरबाटो पुगेको थिएन । नुन लिन धरान आउनुपर्थ्यो । त्यसवेला धरानमा 'पूर्वाञ्चल लोकगीत प्रतियोगिता' भइरहेको रहेछ । लोकगीत प्रतियोगितामा भाग लिएँ । त्यहाँ दुई-चारवटा गीत गाएँ । त्यसपछि मलाई सबैले चिन्न थाले । गीत-संगीतको माहोलमा घुलमिल हुन थालें । मलाई गीत-संगीतमा लाग्न बिस्तारै सजिलो हुँदै गयो । म धरानमै अड्किएँ । गीत-संगीतमै रम्न थालें ।

२०३४ सालबाट गाउँ-गाउँमा गीत गाउँदै हिँड्न थालियो । त्यस वेलादेखि नै जनपक्षीय गीत गाउनुपर्छ भन्ने चेत आयो । त्यसवेला अग्रजहरूसँग अभियानमा जोडिन थालें । जनपक्षीय गीत गाउन उहाँहरूले मलाई अघि सार्न थाल्नुभयो । अभियानसँगै प्रशिक्षणमा पनि सहभागी हुन थालें । अग्रजहरूले बिस्तारै प्रशिक्षण लिन थाले । त्यसवेलासम्म मलाई संगीतको ज्ञानै थिएन । आफ्नै पारामा गाउँथें, बजाउँथें ।

रामेश श्रेष्ठ दाइ, मञ्जुल दाइ, म, जेबी दाइ, अरिन श्रेष्ठ दाइ मिलेर 'संकल्प परिवार'बाट अभियान सुरुवात गर्‍यौं । हामी अभियानमा हिँड्न थाल्यौं । त्यसपछि अभियानले व्यापक रूप लियो । पूर्वाञ्चल क्षेत्रको सांस्कृतिक कमान्ड मैले सम्हालेको थिएँ ।

२०३६ सालतिरको कुरा हो । हामी गाउँगाउँमा कार्यक्रमन गर्दै हिँड्थ्यौं । गाउँबस्तीको कुनाकाप्चामा निरन्तर गीत गाउँदै हिड्न थाल्यौं । गीतमार्फत हाम्रा विचार राख्दै हिँड्न थाल्यौं । त्यसवेला धेरै कार्यक्रममा गाएँ । सबैले मैले गाएको मन पराउँन थाले । त्यसबीचमा धेरै कठिनाइ र अप्ठ्यारा आए । तत्कालीन पञ्चायती व्यवस्थाका शासकले धेरै दुःख दिन्थे । थुप्रैपटक कुटाइ पनि खाइन्थ्यो । खुकुरीको झटारो पनि खाइयो । अभियानकै क्रममा जेलनेलमा पनि परियो । त्यसका बाबजुद पनि हामी निरन्तर कार्यक्रम गर्दै हिँड्यौं ।

भूमिगतकालमा नेताहरूले चिट्ठीमार्फत निर्देशन दिन्थे । हामी नडराई सांस्कृतिक अभियान चलाउँदै हिँड्थ्यौं । त्यसवेला जेबी टुहुरे, लोचन भट्टराई, निशान भट्टराई, दुर्गा भट्टराई, टंक भट्टराई, भुवानी बरा, राजु थापालगायत हामीसँगै हुन्थ्यौं ।

शासकले जति दुःख दियो त्यतिकै मात्रामा हामीलाई आमजनताले चिन्न थाले । म यतै भुलिन थालें । घरमा नुन लिएर फर्किनँ । त्यस दिनदेखि नुन लिएर घर जान पाएको छैन । तर, नुनको सट्टामा विचार गीत-संगीतमार्फत फैलाउँदै हिँडें । नुन बोक्नका लागि ल्याएको ढाकर टेकुवा बिसाएँ । परिवर्तनका लागि गाउँगाउँ हिँडें । सामूहिक मुक्तिका लागि हिडें । परिवर्तनका लागि गीत गाएँ । त्यो साँच्चै राम्रो समय थियो । अहिले सम्झिँदा खुसी लाग्छ, म पनि परिवर्तनका लागि अभियानमा सहभागी पाएँ ।

२०४१ सालमा काठमाडौं आएँ । त्यसवेला मेरो विवाह भइसकेको थियो । हामी पाँचजनाको परिवार भइसकेका थियौं । अब काठमाडौंमै संघर्ष गर्नुपर्छ भन्ने लाग्यो । २०४१ सालमै रेडियो नेपालको अधिराज्यव्यापी लोकगीत प्रतियोगितामा प्रथम भएँ । रेडियो नेपालमा स्वर परीक्षा पास गरेपछि गाएको पहिलो गीत हो 'चलेछ बतास सुस्तरी' । यसअघि मैले थुप्रै गीत गाइसकेको थिएँ । ती गीतहरू पनि चर्चित थिए । तर, 'चलेछ बतास सुस्तरी...' गाएपछि मेरो सांगीतिक यात्रामा फरक मोड आयो । त्यो गीत निकै लोकप्रिय भयो । त्यसपछि झन् धेरैले मलाई चिन्न थाले । लोकप्रियता बढेपछि च्यालेन्ज महसुस भयो । त्यसपछि मैले झन् धेरै गीत गाउँन थालें ।

मैले रेडियो नेपालमा जागिर पनि गरें । गीत रेकर्ड गर्ने काम गर्थें । त्यति मात्रै होइन, रेडियो नेपालमा म सारंगी पनि बजाउँथें । त्यसवेला रेडियो नेपालमा एउटा गीतमा सारंगी बजाएबापत २० रुपैयाँ पाउँथें । त्यसबाहेक स्कुलका सांगीतिक कार्यक्रममा पनि सहभागी हुन्थें । रेस्टुरेन्टहरूमा गीत पनि गाउँथें । यसले काठमाडौंमा बाँच्नका लागि सघाउ पनि पुग्यो । बिस्तारै नयाँ गीत आउँन थाल्यो । त्यसलाई दर्शक स्रोताले माया गरिदिनुभयो । यसैको आधारले देश- विदेशका कार्यक्रममा जाने मौका पाएँ । त्यसपछि मेरो सांगीतिक यात्राले तीव्रता पायो । २०५० सालमा मैले 'श्रद्धा रेकर्डिङ स्टुडियो' स्थापना गरें । त्यसबाट मैले थुप्रै गीत-संगीत उत्पादन गरेको छु । अधिकाशं लोक फ्लेबरको गीत गाएँ । थोरै भएपनि गीत-संगीतमा लोकगीतको बास्ना ल्याउने कोसिस गरें । अहिलेसम्म झन्डै एक सयभन्दा बढी लोकगीत गाएको छु । ती गीतलाई दर्शक-स्रोताले माया गरिदिनु भएको छ । जसले गर्दा मेरो सांगीतिक यात्रा अगाडि बढ्यो । हामीले जस्तो पायो त्यस्तै सिर्जना गर्‍यौं भने भोलिका सन्ततिले पनि त्यस्तै सिक्नेछन् । त्यसैले सर्जकहरूले विचार पुऱ्याउँनुपर्छ । हामी सर्जकले बजारलाई मात्रै हेरेर सिर्जना गर्नुहुँदैन । अहिले आर्थिक पाटोलाई मात्रै हेरेर सिर्जना गरिएको देखिन्छ । यसले क्षणिक फाइदा पुर् याएपनि कालान्तरमा राष्ट्रलाई हानि पुऱ्याउँछ ।

मलाई सांस्कृतिक अभियानले यो स्थानसम्म ल्याइपुऱ्यायो । अभियानको दौरान धेरै दुःख कष्ट भोगेको छु । त्यसवेला हामी मर्न तयार भएर परिवर्तका लागि मैदानमा उत्रिएका थियौं । तर, अहिले त्यस्तो परिवर्तन भएको देखिदैन । बहुदलपछि भूमिगत नेताहरू खुला मैदानमा आए । तर, हामी कलाकारहरूचाहिँ भूमिगतजस्तो भएका छौं ।



भ्याप्पै !

रवि मिश्र
@rabimishra



पहिलो एल्बम निकाल्दाको सकस



संघर्ष

शिशिर योगी, गायक

कम्प्युटर, मोबाइल र इन्टरनेटले अहिले दुनियाँलाई जोडिसकेको छ । पहिलेजस्तो केन्द्र र मोफसल भन्ने छेकबार हटिसक्यो । गाउँमै बसेर पनि आफ्नो प्रतिभा विश्वसामु फैलाउन सक्ने अवसर अहिलेको प्रविधिले दिएको छ । तर, तीन दशकअघि अवस्था फरक थियो । ०४७ सालताका दाङमा एउटा सामान्य साइनबोर्ड पेन्टिङ पसल चलाएर बस्थें । त्यसवेला महम्मद रफी, फत्तेमान, नारायणगोपालका गीत गाउनु मेरो सोख थियो । आफ्नो गायकीकै कारण धेरैको माया पाएँ । अनि, संगीतमै भविष्य बनाउने महत्त्वाकांक्षा जाग्यो । तर, त्यतिवेला दाङमा बसेर यी सपना पूरा हुने सम्भावना थिएन ।

घरको कान्छो छोरा । परिवारले टाढा पठाउन चाहँदैनथ्यो । कसैलाई थाहा नदिई एक दिन साझा बसको टिकट काटेर काठमाडौंतर्फ हानिएँ । मसँग त्यतिवेला पेन्टिङ गरेर जोहो गरेको गोजीमा तीन सय रुपैयाँ जति थियो । झोलामा पेन्टिङ गर्ने ब्रस र साथमा एउटा पुरानो हार्मोनियम पनि थियो ।

गाडीमा भेषराज पाण्डे मसँगै हुनुहुँदोरहेछ । काठमाडौं त्रिपुरेश्वरमा बसबाट ओर्लिँदा जम्काभेट भयो । दिनभरको यात्रामा उहाँ त्यही गाडीमा हुनुहुन्छ भन्ने थाहा भएन, कारण मसँग पैसा थोरै भएकाले कतै केही खान बसबाट पनि ओर्लिएको थिइनँ । मेरो छिमेकी गाउँका उहाँ काठमाडौं बसेर पढ्नुहुँदोरहेछ । उहाँको ठमेलस्थित कोठामा रात्रि अबेरसम्म हामीबीच आफ्ना भविष्यका लक्ष्यबारे कुराकानी भयो । त्यो मीठो वार्तालाप चलिरहँदा उहाँले नै प्रस्ताव गर्नुभयो, केही समय मैरे कोठामा बसौं भनेर । ठमेलबाट शंखमूल कोठा सर्‍यौं । संघर्षका ती दिनमा उहाँले लगाएको गुन मैले तिर्न नसक्ने ऋण हो । मैले भाडा तिर्नुपरेन, विद्यार्थी भएकाले चामल, तेल, दाल, पनि उहाँकै घरबाट आउँथ्यो ।

काठमाडौं अवसरको सहर हो । म गाउँमा छँदै अम्बर गुरुङलाई मनले गुरु चयन गरिसकेको थिएँ । 'तँ आँट म पुऱ्याउँछु' भन्ने मनको दृढ विश्वासले नै यहाँ आएको केही समयमै मैले एकजना कलेजको साथी नीरज श्रेष्ठको सहयोगले अम्बर गुरुङ सरलाई भेटेर संगीतको क्लास लिन थालें । उहाँजस्तो राम्रो मार्गदर्शक पाउनु मेरो जीवनकै ठूलो उपलब्धि हो ।

अम्बर गुरुङले गायकीसँग लगाव, दृढ संकल्प, लगनशीलता र इमानदारिता हुनुपर्छ भन्नुहुन्थ्यो । विश्व संगीतको इतिहास, ठुल्ठूला संगीतकारको समर्पण र साधना, व्यावहारिक अभ्यासलगायत सधैं क्लासमा 'भाग्यमानीले मात्रै दुःख पाउँछ,' भन्नुहुन्थ्यो । केही समयपछि म खुमबहादुर खड्कालाई भेट्न गएँ । काठमाडौंमा चिनेको नेता उहाँ नै हुनुहुन्थ्यो । आफ्ना लक्ष्य र चुनौतीबारे सुनाएँ । दाङको लमहीमा उहाँ जेल बस्दा पनि भेट्न गएको थिएँ । उहाँले बिर्सिनुभएको रहेनछ ।

०४८ सालमा उहाँ यातायातमन्त्री हुनुहुन्थ्यो । गायनप्रतिको मेरो लगावबारे जानेपछि १४ हजार पर्ने नयाँ हार्मोनियम किनिदिनुभयो । मैले अधिकांश कार्यक्रममा अझै पनि त्यही हार्मोनियम प्रयोग गर्छु । मलाई सडक विभागमा सुपरभाइजरको काम पनि लगाइदिनुभयो । झन्डै नौ सयजति मासिक तलब थियो ।

बिहान क्लास सक्ने, दिउँसो सल्लाघारीमा पुगेर ठेकेदार र कामदारलाई मीठा गीत गाएर सुनाउने गर्दथे । उनीहरूले नै खाजा खुवाउँथे । मेरो काम उनीहरूको निगरानी गर्नु थियो, तर मलाई के गर्ने भन्ने नै थाहा थिएन । सोझै भनिदिन्थें, 'ठेकेदारसाब, तपाईंहरू इमानदारका साथ काम गर्नुस् । छड्के आउँदा मलाई दोष नलागोस् है ।' उनीहरूले राम्रै काम गरे, मलाई कहिल्यै दोष आएन पनि ।

झन्डै एक वर्ष बितेपछि मेरो आफन्त पर्ने दाजु वामदेव योगीले ज्ञानेश्वरस्थित सीता स्कुलमा साइनबोर्ड बनाउनका लागि भन्नुभयो । उहाँ नजिकैको ग्यालेक्सी स्कुलमा सिनियर आर्ट शिक्षक हुनुहुन्थ्यो । भोलिपल्ट म पेन्ट र ब्रस बोकेर सीता स्कुल गएँ र साइनबोर्ड लेखिदिएँ । वामदेव दाजुले संगीत शिक्षकका रूपमा पनि मलाई राख्न सीता स्कुलका प्रिन्सिपलसँग आग्रह गर्नुभएकोरहेछ । मैले साइनबोर्ड बनाइदिएपछि प्रिन्सिपल मक्ख पर्नुभयो । 'तपाईंसँग अतिरिक्त सीप पनि रहेछ, ल तपाईं भोलिदेखि नै संगीत सिकाउन थाल्नुस्' भन्नुभयो र त्यो दिनबाटै म संगीत शिक्षक बनें ।

त्यहाँ १२ सय मासिक तलब आउँथ्यो । त्यसमाथि संगीतमै लाग्न पाइयो । धेरै चेला बनाउन पाइयो । त्यहीँ छँदा बालगीत पनि कम्पोज गर्न थालें । कन्फिडेन्ट पनि बढ्दै गयो । केही समयपछि मैले बागमति स्कुलमा पनि पढाउन थालें । त्यसको केही समयपछि रातो बंगलामा पनि काम मिल्यो । केही समय पछि सीता स्कुल छाडें ।

> ०५१ सालमा बिहे गरेको केही समयमै श्रीमतीको बाला बेचेर स्कुल जानका लागि साइकल किनेको थिएँ । त्यसपछि नेक्लेस बेचेर तानपुरा किनें । बाँकी रहेको एउटा सिक्री बेचेर गीत रेकर्ड गराएँ ।

बागमती, रातो बंगला र सूर्योदय स्कुलमा काम गरिहेको थिएँ । रातो बंगला स्कुलमा पनि संगीत शिक्षकका लागि प्रिन्सिपल शान्ता दीक्षितलाई सीधै गएर भेटेर अम्बर गुरुङको नयाँ शिष्यको रूपमा परिचय दिएँ । उहाँले पनि एकै भेटमा विश्वास गरेर संगीत शिक्षकको नियुक्ति दिनुभयो र थप हरेक शनिबार घरमै आएर उहाँको छोराछोरी (इलम र हिमाली)लाई पनि क्लास लिइदिनुपर्‍यो भन्नुभयो । घरमै जान थालेपछि पारिवारिक सम्बन्ध बन्यो । ०५६ सालताका एक दिन वरिष्ठ पत्रकार कनकमणि दीक्षित (शान्ताका पति)ले भन्नुभयो, 'शिशिरजी तपाईंमा मैले संगीतप्रतिको ठूलो लगाव देखें, स्वर पनि एकदमै फरक र राम्रो लाग्यो । अनुभव पनि धेरै भइसक्यो । अब एल्बम निकालौं ।' मैले भने, 'दाइ मसँग पैसा छैन । एल्बम निकाल्न त महँगो पर्छ ।'

उहाँले भन्नुभयो, 'म केही पैसा दिउँला । अहिले सुरु गर्दै गर्नुस् न ।' उहाँले त्यतिवेला २५ हजार हिमाल मिडियामार्फत दिनुभयो र आफ्ना बुबा कमलमणि दीक्षितसँग पनि भेटाइदिनुभयो । भाषाविद् कमलमणि दीक्षितलाई हामी दादाजी भन्थ्यौं । उहाँ निकै सरल मानिस । गीतकार खोज्ने जिम्मा पनि उहाँले नै लिनुभयो ।

उहाँले माधव घिमिरे, क्षेत्रप्रताप अधिकारी र दुर्गालाल श्रेष्ठजस्ता दिग्गज गीतकारका रचनाका लागि सीधै फोन गरेर भेट गराइदिनुभयो ।

माधव घिमिरेको 'सारंगी त रेटे पनि...', क्षेत्रप्रताप अधिकारीको 'चौतारीको बरै ढलेछ...', दुर्गालाल श्रेष्ठको 'माया छ मलाई...' लगायत गीत पाएपछि पहिलो चरणमा कमभन्दा कम खर्च गरेर मैले २५ हजारमा पाँचवटा गीत रेकर्ड गराएँ ।

डा. विश्वनाथ बराल त्यतिवेला सूर्योदय स्कुलमा नेपाली शिक्षक र योग प्रशिक्षक पनि हुनुहुन्थ्यो । उहाँका रचना मलाई साह्रै मनपर्ने । उहाँको एउटा रचनामा गोपाल योञ्जनले संगीत भर्नुभएकोरहेछ । त्यो गीत धनबहादुर गोपालीले कुनै प्रतियोगिताका लागि गाउन धेरै अभ्यास गर्नुभएछ । तर, अन्त्यमा कुनै कारणवश प्रतियोगितामा भाग नै लिनुभएनछ ।

योञ्जन स्वर्गीय भइसक्नु भएको थियो । कहींकतै नगाइएको त्यो गीतलाई स्वर भरेर मेरो एल्बममा राख्न डा. विश्वनाथ बरालले सल्लाह दिनुभयो । धनबहादुर गोपालीले पनि तपाईंकै स्वरमा रेकर्ड गरौं भनेपछि अर्को एउटा गीत तयार भयो । अर्को एउटा युगल गीत पनि थियो । कांग्रेस नेता बलदेव मझगैयाले रचना गर्नुभएको 'के दिऊँ म उपहार...' बोलको जन्मदिनको गीतमा मसँगै दिदी लोचन भट्टराईले स्वर दिनुभएको थियो । एउटा तयार भइसकेको धुनमा कवि दुर्गालाल श्रेष्ठज्यूले गीत लेख्नुभयो । त्यसैलाई रेकर्ड गर्दा कुल आठवटा गीत भए । डा. विश्वनाथ बरालजी एक दिन सपनामा केही लाइन फुऱ्यो भन्दै मेरो कोठामा आउनुभयो । 'यो देशमा म मानिस खोजिरहेछु...' गीत लेख्न थाल्नुभएको रहेछ ।

खुमबहादुर दाइले किनिदिएको हार्मोनियममै बसेर त्यो गीतलाई गीतकार र म दुवैले धेरै शब्द काँटछाँट गर्दै निकै मिहिनेत गरेर तयार पाऱ्यो । तर, यतिवेलासम्म रेकर्ड गर्नका लागि पैसा नै थिएन ।

कमलमणि दादाले मलाई म्युजिक नेपालका सन्तोष शर्मासँग भेटाइदिनु भएको थियो । दादाजीकै आग्रहमा गीत हेरेपछि उहाँले मसँग एग्रिमेन्ट गर्नुभयो । एल्बम बनाउने खर्च सबै मेरो थियो । एल्बम म्युजिक नेपालबाट निस्कने, यसको अधिकार म्युजिक नेपालमा निहित रहने र मार्केटिङ पनि उसैले गर्ने सम्झौतामा उल्लेख थियो । मैले अन्य धेरै सर्जकजस्तै कपिराइट कुन चराको नाउँ हो, थाहै नपाई, एग्रिमेन्टका ती हरेक बुँदाका भाव केही नबुझी दायाँबायाँ औंठाछाप र हस्ताक्षर गरें । किनकि त्यतिवेला एल्बम बजारमा निस्किनु नै मेरा लागि ठूलो कुरा थियो ।

सन्तोष शर्मालाई मैले एउटा अनुरोध गरें, 'दाइ मसँग पैसा छैन । यो देशमा एउटा मानिस खोजिरहेछु... गीत म्युजिक नेपालबाट नै रेकर्ड गरिदिनुपऱ्यो ।' किनकि म्युजिक नेपालसँग आफ्नै स्टुडियो, उपकरण र वाद्यवादक थिए । तर, उहाँले मान्नुभएन । भन्नुभयो, 'यो अलिकति राजनीतिक गीतजस्तो लाग्यो । म्युजिक नेपालले गर्न सक्दैन, सरी ।'

त्यसपछि मैले श्रीमतीको गहना बेचेर यो गीत रेकर्ड गराएँ । ०५१ सालमा बिहे गरेको केही समयमै बाला बेचेर स्कुल जानका लागि साइकल किनेको थिएँ । त्यसपछि नेक्लेस बेचेर तानपुरा किनें । बाँकी रहेको एउटा सिक्री बेचेर यो गीत रेकर्ड गराएँ । तर, सिर्जनाले कहिल्यै मसँग कुनै गुनासो गरिनन् ।

०५९ सालको अन्त्यमा एल्बम निस्कियो । दरबार हत्याकाण्डको छोटो समय मात्रै बितेकाले 'चौतारीको बरै ढलेछ...' गीतले धेरैलाई रुवायो । माओवादी, राजा र दल सबैले जनतालाई दुःख मात्रै दिइरहेको अन्योलको त्यो समय 'यो देशमा मानिस खोजिरहेछु...' धेरैको मनमा गढ्यो । केही समयपछि 'सारंगी त रेटे पनि...' गीत चल्न थाल्यो । विशेषगरी, बौद्धिक वर्गमा यो निकै चल्यो, किनकि यसमा राष्ट्रकवि घिमिरेले धेरै बिम्ब प्रयोग गर्नुभएको छ । यस गीतको बिम्बबारे विस्तारमा नारायण वाग्लेले एल्बम विमोचन भएको भोलिपल्टै कान्तिपुरको 'पीपलबोट डटकम स्तम्भ'मा लेख नै लेख्नुभएको थियो ।

गीत चलेसँगै मेला महोत्सवमा मलाई बोलाउनेहरूको संख्या पनि बढ्यो । तर, म्युजिक नेपालले एल्बम बिक्रीबापत मलाई खासै रोयल्टी दिएन । एल्बम बेचेर हात पारेको पैसा, मैले लगानी गरेभन्दा निकै कम थियो । न त हरेक एल्बममा मेरो हस्ताक्षर थियो, देशैभर तीनवटा गीतको प्रख्यातीले आकाश चुमेको थियो, तर एल्बम बिक्री-वितरण भएको न्यूनतम संख्याका आधारमा म्युजिक नेपालले मलाई आजसम्म पटक-पटक गरी जम्मा १५- २० हजार रुपैयाँ मात्रै दिएको प्रमाण अहिले पनि राखेको छु ।

युट्युबमा पनि म्युजिक नेपालले धेरै समय यो गीत बेच्यो । त्यसपछि मैले म्युजिक नेपालसँग पुरानो सम्झौता तोडेर कपिराइट सबै आफूअन्तर्गत ल्याएँ । क्यासेट र सिढिको जमाना थियो, तपाईंहरूले कति बेच्नुभयो मलाई थाहा छैन । अब डिजिटल जमाना छ । यसको सर्जक म हुँ । लगानी सबै मेरो छ । गीतकारसँग मैले आफ्नो ढंगले सम्झौता गरेको छु । पुराना सम्झौता तोडेको कागजी प्रमाण दिनुस् र अहिलेसम्म हालेका सबै च्यानलबाट डिलिट गरिदिनुस् भनें । सुरुमा आनाकानी गरे पनि अन्ततः मान्नुभयो । तर, कम्पनी र मेरोबीचको लिखित सम्झौता खारेज पत्र भने अहिलेसम्म मेरो हात परेको छैन ।

युट्युबलगायत अन्य थ्रुप्रै डिजिटल प्लाटफर्ममार्फत म्युजिक नेपालले १९ वर्षसम्म कति कमायो त्यो मलाई थाहा छैन । १९ वर्षसम्मको म्युजिक नेपालबाट मैले पाएको हालसम्मकै जम्मा १५-२० हजार हो भने, मेरो आफ्नै नामको अफिसियल युट्युबबाट मात्रै मेरा पाँच चर्चित गीतहरूको मात्रै दुई वर्षमा झन्डै दुई लाखभन्दा बढी रोयल्टी लिइसकेको छु ।

युट्युबजस्ता प्लाटफर्मले एकातर्फ नयाँ प्रतिभालाई प्रस्फुटन हुने मौका दिइरहेका छन् । अर्कोतर्फ, गायक, प्रोड्युसर तथा संगीत सर्जकलाई बौद्धिक शोषणबाट पनि बचाइरहेका छन् । डिस्ट्रोकिड, स्पोर्टिफाई, आइट्युन, फेसबुकलगायत अहिले त डिजिटल्ली धेरै प्लाटफर्म उपलब्ध छन् । पहिलेजस्तो सबै लगानी गरेर पनि अधिकार अरूलाई सुम्पनुपर्ने बाध्यता छैन ।

प्रस्तुति : **अन्वेषण अधिकारी**

सहचर्या



● टमी टम्लिन्सन



कुकुर र मानिसबीच निकट सम्बन्ध

कुकुरले साथीत्व मात्रै प्रदान गर्दैन, प्रतिदिन जटिल बन्दै गइरहेको यस जगत्मा निश्चल प्रेम पनि प्रदान गर्छ

> आदिकालमा पोलेको मासुको गन्धले मानिसका अगेनोवरपर झुम्मिन आएका फुस्रे ब्वाँसोदेखि फुर्तीले उफ्रिएर तमासा देखाउने झ्यापुल्ले पोमारियनसम्म कुकुरहरू हामी मानव बनेदेखि नै हाम्रो साथमा छन् । सायद उनीहरू हाम्रा महानतम सिर्जना हुन्, अनि हामी उनीहरूका ।

कुकुर मानव जातिको सबैभन्दा ठूलो आविष्कार हो । मानिसका आविष्कार पांग्रा, बिजुली बत्ती, सिमेन्ट सबै नै अद्भूत छन्, बहुमूल्य छन् । तर, मानव सिर्जनामा प्राचीन फुस्रे-ब्वाँसोका अनेक नश्ल-सन्तानजत्तिका अत्यावश्यकीय र अनुकूलनीय/बहुमुखी आविष्कार सायदै अर्को कुनै छ ।

हामीले यो आविष्कार कसरी गर्‍यौं त ? यसको जवाफ खोज्न मैले विभिन्न अमेरिकन 'डग सो'हरू पछ्याउँदै तीन वर्ष बिताएँ । मेरो यात्रा 'डग वर्ल्डस्'को सबैभन्दा प्रतिष्ठित कार्यक्रम 'द वेस्टमिनिस्टर डग सो'मा पुगेर समाप्त भएको थियो । प्रदर्शनीमा समाविष्ट कुकुर शुद्धतम नश्ल प्रयोग गरी जन्माइएका थिए । जन्मिएकामध्ये पनि उत्कृष्टतम छाउरालाई जन्मिएको केही हप्तामै बथानबाट छानी सुपर मोडलका रूपमा प्रशिक्षित गर्दै तयार गरिएका थिए, ओलम्पिक-जिम्न्यास्टहरूलाई तयार गरेजसरी समर्पणभावले ।

कुकुरको हिंसात्मकता पहिचान गर्ने अमेरिकन केनल क्लबले सानो शरीरको 'गोल्डेन डुडल्स' अनि ठिमाह (मिक्स्ड ब्रिड) जस्ता 'क्रसब्रिड्'हरूलाई ट्र्याक गरी यसखाले कुकुरका करिब २०० नश्ल पहिचान गरेको छ । डरलाग्दो थुतुनो भएको भीमकाय 'मास्टिफ'देखि निकै सानो आकारको 'चिहुआहुआ'सम्मका कुकुर उही पूर्वजबाट विकसित भएर आएका हुन् ।

वैज्ञानिकहरू मानिस र कुकुरबीचको यस शक्तिशाली सहचार्य/मित्रता १५ हजारदेखि ३० हजार वर्षअघिबाट सुरु भएको हुन सक्ने ठान्छन् ।

त्यो समयका मानिस मुख्यतया फिरन्ते सिकारी थिए । उनीहरू आगोको छेउमा बस्थे, त्यही आगोमा मासु पोलेर खान्थे । पोलेको मासुसँग ब्वाँसाहरू आकर्षित भए । पाकेको मासुको गन्धले तानिएर आएका ब्वाँसाहरू आगोको ज्वालाले नभेट्ने गरी सुरक्षित दूरीमा झुम्मिन थाले । जब-जब मानिसले अँध्यारोमा हड्डी फ्याँक्थे ब्वाँसाहरू ती हड्डीमाथि झम्टिन्थे र तिनलाई चपाउँथे । उनीहरूले फिरन्ते मानिसहरूको हुललाई अर्को छाउनीमा पनि पछ्याए । तर, अझै पनि दूरी भने कायमै राखे । त्यहाँ एकखालको अघोषित व्यवस्था/प्रबन्धन बन्यो- ती ब्वाँसाहरू मानिसलाई घुसपैठियाबारे सचेत गराए अनि मानिसले चाहिँ ती ब्वाँसालाई खुवाए ।

समय बित्दै जाँदा ब्वाँसाहरू मानिससँग नजिकिँदै गए । एकरात एउटा जिज्ञासु ब्वाँसो मानिस नजिकै आगोको छेउमा आयो । त्यो मानिसले उसलाई खेदेन । बिस्तारै, मानिस ब्वाँसाहरूसँग घुलमिल भए । केही दिन, केही महिना, अनि केही वर्ष र पुस्ता वा केही शताब्दीपछि फेरि एउटा ब्वाँसो मानिसको खुट्टामा लुटपुटिन आइपुग्यो । हुन सक्छ, उसले मानिससँग आफ्नो पिठ्युँ वा पेट ढँस्यायो । त्यो नै पहिलो कुकुर थियो ।

हामी के कुरा बताउन सक्छौं भने कुकुर नै मानिसले पाल्तु बनाएको पहिलो जनावर हो । जो ब्वाँसाहरू मानिससित घुलमिल भए, तिनले आफूलाई आन्तरिक र बाहिरी रूपमा पनि परिवर्तन गरे । तिनको थुतुनो र दाह्रा छोटा भए । तिनको परपर भाग्ने स्वभाव नजिकिने चाहनामा बदलियो । समय बित्दै जाँदा विभिन्न मानवीय आवश्यकता पूरा गर्न 'ब्रिडिङ'द्वारा कुकुरहरू उत्पादन गरिन थाले । हिउँ वा सतह मिलेको बाटोमा ओसारपसारका कामका लागि बलियो जिउडालका कुकुर, माछाको जाल तान्न 'न्युफाउन्डल्यान्ड्स (कामकाजी कुकुरको एकजात)' अनि दुम्सीजस्ता जनावर समाउन सिकारी जातका कुकुर तयार गरिए ।

कुकुरले नै मानिसलाई 'डिजाइनर जिन'को प्रारम्भिक विज्ञान सिकायो । हामी खेतबारीबाट कारखानातर्फ अग्रसर भएको १९औं शताब्दीको मध्यताका हामीले रात परेपछि घरभित्र राख्न मिल्ने कुकुर सिर्जना गर्‍यौं । त्यसपछि आफूले काम गर्ने ठाउँमा वा काम गर्दै खेलाउन मिल्ने खालका कुकुर सिर्जना गर्‍यौं । सानो काठीको गुथुमुने शरीर भएको फ्रान्सेली बुलडग (जुन अहिले अमेरिकामा सबैभन्दा लोकप्रिय नश्ल हो), फ्रान्सका 'लेस मेकर'हरूको 'ल्याप डग'का रूपमा प्रवेश भयो । हामीले कुकुरलाई आफ्नो साथी, सहचरी, खेलमित्र र अनौपचारिक थेरापिस्टका रूपमा ढाल्यौं ।

यसर्थ, कुकुर मानवको श्रेष्ठतम आविष्कार मात्रै होइन, सबैभन्दा लामो र अक्षुण्ण अनुभव पनि हो । यसलाई हेर्ने एउटा तरिका यो हो । अब अर्को तरिकाबाट हेर्औं । विषयलाई वस्तुमा र वस्तुलाई विषयमा बदलेर हेर्औं । क्रियापदहरूलाई बदलौं । यस्तो छ अर्को दृष्टिकोण :

आदि मानवको क्रमिक विकासको समय आसपास 'निन्डरथल'हरू पनि यो ग्रहमा थिए । यस्तै ४० हजार वर्षअघिबाट मानिस (ह्युमन्स)हरू फस्टाउन थाले भने निन्डरथल अस्ताएर गए । यो त्यो समयबारेको कुरा हो, जब ती प्रथम जिज्ञासु ब्वाँसाहरू रूपान्तरण हुँदै कुकुरमा विकसित हुन थालेका थिए । यो समयलाई केही वैज्ञानिक संयोग मात्र मान्न तयार छैनन् । सायद मानवजातिको विजयमा कुकुर महत्त्वपूर्ण कारक हो ।

मानिसलाई स्थायी बसोवासका लागि र तिनको अन्तहीन घुमफिरलाई विराम दिन कुकुरले नै सक्षम बनायो । घुमन्तेबाट व्यवस्थित जीवनतर्फको संवेदनशील संक्रमण कालखण्डमा कुकुरले मानिसलाई रक्षा गऱ्यो । कुकुरले मानिसका ती काम गरिदिए, जुन काम गर्ने शक्ति वा सामर्थ्य मानिसमा थिएन । पहरा दिने, पशु चराउने, सिकार गर्ने, स्लेड (सरसामान तान्ने साधन) तान्नेजस्ता काम कुकुरहरूले गरिदिए । यसरी मानिसलाई अर्को छाक वा अर्को खतराबारे हरक्षण ध्यान केन्द्रित गर्नु नपर्ने परिस्थिति सिर्जना गरिदिएर कुकुरले मानिसलाई निर्माण, सिर्जना र चिन्तन गर्ने समय निकालिदियो । आज कुकुरले हामीलाई साथीत्व मात्रै प्रदान गर्दैन, प्रतिदिन जटिल बन्दै गइरहेको यस जगत्मा निश्चल प्रेम पनि प्रदान गर्छ । कुकुर एउटा सहरबाट अर्को सहर भौंतारिँदै हिँड्ने अनि एउटापछि अर्को कामको खोजीमा दौडने बेचैन आत्मालाई एक ठाउँमा अड्याउने एउटा हुक हुन सक्छ । अनि विरक्तिलो रातमा साथ दिने सहारा पनि ।

आदिकालमा पोलेको मासुको गन्धले मानिसका अगेनो वरपर झुम्मिन आएका फुस्रे ब्वाँसोदेखि फुर्तीले उफ्रिएर तमासा देखाउने झ्यापुल्ले पोमारियनसम्म कुकुरहरू हामी मानव बनेदेखि नै हाम्रो साथमा छन् । सायद उनीहरू हाम्रा महानतम सिर्जना हुन् अनि हामी उनीहरूका ।

*('डगल्यान्ड' पुस्तकका लेखक टम्लिन्सनको यो लेख 'द वासिंटन पोस्ट'बाट **नारायण शिवाकोटी**ले अनुवाद गरेका हुन् ।)*

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार १५ वैशाख ०८१

हवाई यात्रुमा उत्साहप्रद वृद्धि

- २०२४ को जनवरी-मार्चमा टिआइएबाट आन्तरिक र अन्तर्राष्ट्रिय यात्रा गर्ने यात्रु १३ प्रतिशतले बढे
- सन् २०२४ मार्चसम्म १२ लाख ४१ हजार अन्तर्राष्ट्रिय र १० लाख २१ हजार आन्तरिक यात्रु आवागमन
- टिआइएबाट २०२३ को तीन महिनामा १९ लाख ६४ हजार यात्रुले यात्रा गरेकामा २०२४ मा २२ लाख ६२ हजार पुगे



नवीन अर्याल/नयाँ पत्रिका

अर्थतन्त्रमा अझै मन्दीको प्रभाव कायम रहिरहे पनि उड्डयन उद्योगले भने लय समात्न थालिसकेको छ। जहाज चढेर आन्तरिक तथा अन्तर्राष्ट्रिय गन्तव्यहरूमा आवतजावत गर्ने यात्रुको बढोत्तरी उत्साहप्रद रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टिआइए)को तथ्यांकले देखाएको छ।

सन् २०२४ को तीन महिनामा त्रिभुवन विमानस्थलमा यात्रुको (आन्तरिक र अन्तर्राष्ट्रिय) आवागमन १३ प्रतिशतले वृद्धि भएको छ। २०२३ को तीन महिनामा १९ लाख ६४ हजार यात्रुले आन्तरिक र अन्तर्राष्ट्रिय यात्रा गरेकोमा २०२४ को सोही अवधिमा २२ लाख ६२ हजार पुगेका छन्। यो अवधिमा आन्तरिक र अन्तर्राष्ट्रिय दुवैतर्फका यात्रु समान १३-१३ प्रतिशतले बढेको टिआइएको तथ्यांक छ। यस्तै, अन्तर्राष्ट्रिय फ्लाइट मुभमेन्ट सात हजार चार सय ६७ र आन्तरिक फ्लाइट मुभमेन्ट २१ हजार ६ सय ९५ पटक भएको छ। पर्यटकीय सिजनसँगै हवाई यात्रु बढेपछि स्वदेशी तथा विदेशी वायुसेवा कम्पनीका प्रत्येक फ्लाइट भरिभराउ छन्। यो वर्ष विदेशी पर्यटक आगमन पनि उल्लेख्य बढेको छ। गत मार्चमा मात्रै एक लाख २८ हजारभन्दा बढी पर्यटक नेपाल भित्रिएका थिए।

■ साढे १२ लाख अन्तर्राष्ट्रिय यात्रु

गत वर्ष सन् २०२३ मा अन्तर्राष्ट्रिय यात्रुको आवागमन संख्याले उच्च रेकर्ड कायम गरेको थियो। वर्षभर अन्तर्राष्ट्रिय यात्रु (भित्रिने र बाहिरिने) ३०.१८ प्रतिशतले बढेर ४५ लाख ४१ हजार पुगेका थिए। यो वर्ष फेरि नयाँ रेकर्ड कायम हुने पहिलो त्रैमासिक आँकडाले देखाएको छ। यस वर्ष तीन महिनामा अन्तर्राष्ट्रिय यात्रु आवागमन १३.१९ प्रतिशतले बढेर १२ लाख ४१ हजार पुगेका छन्। यी यात्रुलाई बोक्न त्रिभुवन विमानस्थलमा आठ हजार एक सय ८६ वटा अन्तर्राष्ट्रिय उडान-अवतरण भएका छन्। गत वर्षको सोही अवधिमा यस्ता यात्रु १० लाख ७७ हजार थिए।

यस वर्ष सबैभन्दा बढी यात्रु बोक्ने अन्तर्राष्ट्रिय वायुसेवामा कतार एयरवेज पहिलो बनेको छ। कतार एयरवेजले नेपाल वायुसेवा निगमलाई पछाडि पार्दै तीन महिनामा एक लाख ५६ हजार यात्रुलाई सेवा दिएको छ। दोस्रो स्थानमा झरेको निगमले एक लाख ५० हजार यात्रु बोक्दा हिमालयले एक लाख ३० हजार, इन्डिगोले एक लाख १८ हजार, एयर इन्डियाले एक लाख दुई हजार र फ्लाई दुबईले एक लाख यात्रुलाई बोकेका छन्। निगमको एउटा न्यारोबडी ९एन-एकेएक्स महिनौंदेखि ग्राउन्डेड भएपछि व्यापार खुम्चिएको छ।

सबैका लागि बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ आन्तरिक यात्रु सवा १० लाख

त्रिभुवन विमानस्थल भएर देशका विभिन्न गन्तव्यमा यात्रा गर्ने यात्रु पनि १३ प्रतिशतले बढेको छ। तीन महिनामा त्रिभुवन विमानस्थल भएर १० लाख २१ हजार यात्रुले आन्तरिक यात्रा (आवागमन) गरेका हुन्। गत वर्षको यसै अवधिमा आन्तरिक यात्रुको संख्या आठ लाख ८७ हजार रहेको थियो। यो वर्ष आन्तरिक यात्रुको संख्या पनि हालसम्मकै उच्च रहने आकलन पहिलो त्रैमासिक आँकडाबाट गर्न सकिन्छ। जनवरीमा दुई लाख ८२ हजार, फेब्रुअरीमा तीन लाख ३४ हजार र मार्चमा चार लाख चार हजार आन्तरिक यात्रुले त्रिभुवन विमानस्थलबाट सेवा लिएको तथ्यांक छ। यी यात्रुलाई बोक्न तीन महिनामा २२ हजार दुई सय ८८ पटक उडान-अवतरण भएको छ।

सबैभन्दा धेरै आन्तरिक यात्रु बोक्नेमा बुद्ध एयर पहिलो नम्बरमा छ। बुद्धले तीन महिनामा ६ लाख ४८ हजारभन्दा बढी यात्रुलाई सेवा दिएको छ। यस्तै, यतीले एक लाख ९३ हजार, श्रीले एक लाख २८ हजार, सौर्यले करिब २६ हजार यात्रुलाई बोकेका छन्। बुद्धले भारतको बनारस र कोलकातामा अन्तर्राष्ट्रिय उडानसमेत गर्छ। बुद्धसँग १७, यतीसँग सात, श्रीसँग १०, सौर्यसँग दुई, सीतासँग तीन, तारासँग तीन र निगमसँग दुईवटा जहाज रहेका छन्।

■ अन्तर्राष्ट्रिय यात्री

महिना	सन् २०२३	सन् २०२४
जनवरी	३४५७२१	३९२८४८
फेब्रुअरी	३३३६२५	३९५३४७
मार्च	३९७८७१	४५२६८९
कुल	१०७७२१७	१२,४०,८८४

■ आन्तरिक यात्री

महिना	सन् २०२३	सन् २०२४
जनवरी	२५९९८६	२८२८३०
फेब्रुअरी	२७९९७८	३३३९४७
मार्च	३४७२१३	४०३९९९
कुल	८८७१७७	१०,२०,७७६

एडिबीले नेपालमा थप लगानी गर्ने

काठमाडौं/ एसियाली विकास बैंक (एडिबी)का उपाध्यक्ष इडमिङ याङले नेपालको रणनीतिक आयोजनामा लगानी गर्न तयार रहेको बताएका छन्। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँगको भेटमा उनले आगामी दिनमा नेपालमा थप लगानी गर्ने गरी बैंकले रणनीति तय गर्ने जानकारी दिए। छलफलमा प्रधानमन्त्री दाहालले लगानीका लागि नेपाल उपयुक्त गन्तव्य भएको बताउँदै भौतिक पूर्वाधार निर्माणमा एडिबीको महत्त्वपूर्ण लगानी रहेको बताए। उनले नेपालमा हुन गइरहेको लगानी सम्मेलनमा नेपालले प्रभावकारी एवं लगानीयोग्य आयोजना प्रस्ताव गर्ने जानकारी पनि दिए।

MJS
Makar Jitumaya Suri Hydropower

मकर जितुमाया सुरी हाईड्रोपावर लिमिटेड

रजिष्टर्ड कार्यालय: त्रिपुरेश्वर, काठमाण्डौं, फोन नं. ०१-४११७००८
Web: www.mjshydropower.com.np, Email: mjs.hydropower2065@gmail.com

को

लक इन (LOCK IN) अवधि समाप्ती सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०१/१५ गते।

यस कम्पनीका संस्थापक समूहका शेयरधनी विदेशी लगानीकर्ता **श्री डोल्मा इम्प्याक्ट फन्ड-I** को तर्फबाट संस्थाको प्रतिनिधिको रुपमा यस कम्पनिको संचालक समितिमा प्रतिनिधित्व गर्नु हुने **श्री डोल्मा इम्प्याक्ट फन्ड-I** को प्रतिनिधिले संचालक पदबाट राजिनामा मिति २०८०/२/१७ गते बसेको संचालक समितिको बैठकबाट सोहि मितिदेखि लागू हुनेगरी स्वीकृत भए अनुसार धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३८ को उपनियम (१) र (१ क) बमोजिम उक्त शेयरधनी संस्थाको नाममा रहेको यस कम्पनीको प्रति शेयर रु १०० /- दरका २६,०५,९०० कित्ता शेयर खरीद बिक्रि वा हस्तान्तरण वा लेनदेन गर्न नसक्ने गरी रोक्का रहेको एक वर्षको लक इन (LOCK IN) अवधि मिति २०८१/०२/१६ गते बाट समाप्त हुने व्यहोरा लगानीकर्ता संस्था तथा अन्य सरोकारवाला सम्बधित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

Upper Syange Hydropower Limited

Chandol-4, Kathmandu, Nepal, Tel: 01-4542860
E-mail: upper.syange@gmail.com, Website: www.uppersyange.com

Unaudited Statement of Financial Position
As on 30th Chaitra, 2080, 3rd Quarter F.Y. 2080/81

Amount in NRS

Pariculars	This Quarter Ending Chaitra end, 2080	Immediate Previous Year Ending (Audited) Ashadh end 2080
ASSETS		
A. Non Current Assets		
Property, Plant & Equiptment	1,287,974	1,515,820
Intangible Assets	475,681,607	488,349,436
Project Under Development	21,104,279	20,355,089
Total Non Current Assets	**498,073,860**	**510,220,345**
B. Current Assets		
Investments	10,200,000	-
Cash and Bank	18,094,182	18,352,776
Deposit, Advance & Receivables	17,197,481	12,994,574
Total Current Assets	**45,491,663**	**31,347,350**
Total Assets (A+B)	**543,565,523**	**541,567,695**
Equity and Liabilities		
C. Equity		
Share Capital	220,000,000	220,000,000
Reserves & Surplus	(77,589,297)	(71,878,590)
Total Equity	**142,410,703**	**148,121,410**
D. Non Current Liabilities		
Long Term Loan	343,200,000	346,200,000
Employee Benefit Liability	932,635	801,448
Retention Money Payable	1,248,060	1,248,060
Total Non Current Liabilities	**345,380,695**	**348,249,508**
E. Current Liabilities		
Short Term Loan	40,063,256	36,890,696
Accounts & Others Payables	15,387,085	7,982,297
Provisions	323,784	323,784
Total Current Liabilities	**55,774,125**	**45,196,777**
Total Liabilities (C+D+E)	**543,565,523**	**541,567,695**

Unaudited Statement of Profit or Loss and Other Comprehensive Income
For the quarter ended on 30th Chaitra, 2080, 3rd Quarter 2080/81

Particulars	This Year		Corresponding Previous Year	
	This Quarter	Up to this Qurater (YTD)	This Quarter	Up to this Qurater (YTD)
Revenue from Operation	16,507,828	50,607,550	16,239,257	23,419,817
Cost of Operation	(1,221,470)	(3,078,452)	(110,660)	(371,102)
Gross Profit/ (Loss)	**15,286,358**	**47,529,098**	**16,128,597**	**23,048,715**
Other Income	11,702,176	11,705,558	2,054	15,196
Total Income/(Loss) from Operation	**26,988,534**	**59,234,656**	**16,130,651**	**23,063,911**
Employee Benefit Expenses	(1,565,969)	(5,044,492)	(1,931,692)	(4,358,372)
Depreciation and Amortisation	(4,307,767)	(12,925,676)	(4,336,500)	(13,061,242)
Administrative Expenses	(1,411,108)	(3,767,632)	(2,174,990)	(4,040,642)
Operation Profit / (Loss)	**19,703,690**	**37,496,856**	**7,687,469**	**1,603,655**
Finance Cost	(11,598,814)	(40,914,724)	(13,502,962)	(40,869,499)
Profit / Loss Before Staff Bonus	**8,104,876**	**(3,417,868)**	**(5,815,493)**	**(39,265,844)**
Staff Bonus	-	-	-	-
Profit / Loss Before Tax	**8,104,876**	**(3,417,868)**	**(5,815,493)**	**(39,265,844)**
Income Tax For Current Year	-	-	-	-
Income Tax For Previous Years	-	-	-	-
Profit (Loss) For The Year	**8,104,876**	**(3,417,868)**	**(5,815,493)**	**(39,265,844)**
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income	**8,104,876**	**(3,417,868)**	**(5,815,493)**	**(39,265,844)**

Notes: 1. The above mentioned figures are subject to changes during statutory audit.
2. This condensed financial statement has been prepared complyging relevant NFRS.
3. Previous period figures are reclassified wherever necessary.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३, अनुसूची-१४
(नियम २६ को उपनियम १ संग सम्बन्धित)
आ.व.२०८०/२०८१ को तेश्रो त्रैमासिक अवधिको विवरण

(१) **वित्तीय विवरण:**
(क) त्रैमासिक अवधिका वासलात, नाफा/नोक्सान सम्बन्धी विवरण:
यस संस्थाको आ.व. २०८०/८१ को तेश्रो त्रैमासिक अवधिको वित्तीय अवस्था सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ।
(ख) कम्पनी प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी वार्षिक रु.	४.९१	तरलता अनुपात (प्रतिशतमा)	८१.५७
प्रति शेयर नेटवर्थ रू.	६४.७३	मूल्य आम्दानी अनुपात	१०४.६८
प्रति शेयर कुल सम्पत्तिको मूल्य रु.	२४७.०८		

(२) **व्यवसायीक विश्लेषण:**
(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बधी विवरण: संस्थाको मौज्दात स्थिर देखिएको छ। साथै, तरलता अनुपातमा पनि अघिल्लो अवधिमा भन्दा केहि वृद्धी भएको छ। नेपाल विद्युत प्राधिकरणसँग भएको पी.पी.ए.मा उल्लेख भएको शर्त बमोजिम कम्पनीले गर्दै आएको बिजुली उत्पादन तथा आपूर्ति श्रावण २०७९ देखि चार महिना अवरुद्द भएको थियो। साथै, उक्त कारणवश कम्पनीलाई हुन गएको वित्तीय घाटा मध्ये रकम रू. १,१७,००,००० (अक्षेरुपः एक करोड सत्र लाख रुपैया) सर्वेक्षण गराई बिमा कम्पनीबाट बैंक खातामा प्राप्त भईसकेको छ। सोहि, रकमलाई वित्तीय विवरणमा अन्य आम्दानीमा जनाईएको छ।
(ख) व्यवस्थापनको विश्लेषणात्मक विवरण: कम्पनीद्वारा सञ्चालनमा रहेको अप्पर स्याङ्ने हाईड्रोपावर आयोजना-२४०० कि.वा. को समिक्षा अवधिमा व्यावसायिक उत्पादन भईरहेको छ। साथै, कम्पनीले गोर्खा स्थित दोभान खोला २४.५ मे.वा. जलविद्युत आयोजनामा समेत सम्भाव्यता अध्ययन सम्पन्न भई नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद सम्झौता (पी.पी.ए.) समेत मिति २०८०/०३/०७ मा सम्पन्न भईसकेको छ। संस्थाले सोहि परियोजनाको उत्पादन अनुमतिपत्र विद्युत विकास विभागबाट मिति २०८०/१२/०५मा प्राप्त गरिसकेको छ। साथै, सम्पूर्ण शेयरधनीहरुको हितमा कार्य गर्दै कम्पनीको व्यवस्थापन उपयुक्त र आवश्यकता बमोजिम कम्पनीलाई अगाडी बढाउन प्रतिवद्द रहेको छ।
(३) **व्यवसायीक विश्लेषण:**
(क) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको।
(ख) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध, फौजदारी अभियोग गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको।
(४) **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**
क) यस संस्थाको शेयर मूल्य धितोपत्र बजारको नीति नियम अनुसार खुला बजारले निर्धारण गर्ने गरेको र सोही अनुसार नै कारोबार हुने गरेको छ।
ख) समीक्षा अवधिमा कम्पनीको शेयर धितोपत्र को कारोवार निम्न बमोजिम रहेको छ।

शेयरको अधिकतम मूल्य रू.	५९७।-	शेयरको न्यूनतम मूल्य रू.	३७५।३०
अन्तिम मूल्य रू.	५१४।-	कारोबार भएको कुल दिन	६२
कारोबार संख्या	९,२४७	कारोबार भएको शेयर संख्या	६,८६,९१४

(५) **समस्या तथा चुनौतीः** कम्पनीद्वारा सञ्चालनमा रहेको आयोजनाको व्यावसायिक उत्पादन सुरु भईसके तापनि उत्पादनको क्रममा मौसमको अनुकुलता वा प्रतिकुलताले नदिको वहावमा आउन सक्ने उतार चढावले विद्युत उत्पादनको परिमाणमा असर पार्न सक्नेछ। साथै, विद्युत उत्पादनका क्रममा आईपर्न सक्ने प्राविधिक तथा अन्य समस्याहरु समाधान गर्न निरन्तर रुपमा अग्रसर रहेको छ।
(६) **संस्थागत सुशासनः** प्रचलित कानुन बमोजिम प्रकृया अवलम्बन गरि संस्थागत सुशासन कायम गरिएको छ।
(७) **सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः** आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरु सु-सूचित गर्न तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएका छैनन्।

अब कर्जा असुली सहज हुन्छ : गभर्नर



काठमाडौं/ नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले आगामी दिनमा कर्जाको असुली सहज हुने बताएका छन्। उनले राष्ट्र बैंकको ६९औं वार्षिकोत्सवको अवसरमा शुक्रबार आयोजित कार्यक्रममा बोल्दै उनले बैंकिङ प्रणालीमा तरलता सहज भएको र ब्याजदर समेत घट्दै गइरहेकाले कर्जा असुली सहज हुने बताएका हुन्।

उनले भने, 'चालू खाता र शोधनान्तर बचतमा रहेकाले तरलता स्थितिमा उल्लेख्य सुधार आएको छ। निक्षेप तथा कर्जाको ब्याजदर घट्दो क्रममा छ। शोधनान्तर बचत र मूल्यमा परेको चाप कम हुँदै गएकाले नीतिगत कार्यदिशालाई क्रमशः सहज बनाउँदै लगिएको छ। यसबाट आर्थिक गतिविधिमा क्रमिक सुधार हुने अपेक्षा रहेको छ।'

गभर्नर अधिकारीले आर्थिक गतिविधिमा आएको शिथिलताका कारण बैंक तथा वित्तीय संस्थाको कर्जा असुली केही प्रभावित भई निष्क्रिय कर्जा अनुपात बढ्दै गएको भए पनि बैंकिङ प्रणालीमा तरलता सहज भएको र कर्जाको ब्याजदरसमेत क्रमशः घट्दै गएको सन्दर्भमा आगामी दिनमा कर्जा असुली सहज हुँदै जाने अपेक्षा राखेका छन्।

०८० सालको समष्टिगत आर्थिक स्थितिको दृष्टिकोणले मिश्रित रहेको उनको विश्लेषण छ। मुद्रास्फीतिलाई नियन्त्रणमा राख्न, भुक्तानी प्रणालीको सुदृढीकरण र वित्तीय स्थायित्व कायम गर्न बैंक सफल रहेको उनको भनाइ छ। उनले भने, 'बैंकको कार्यसम्पादनलाई चुस्त, व्यवस्थित, नियमसंगत र अद्यावधिक बनाउन विभिन्न विनियमावली र कार्यविधि तर्जुमा एवं परिमार्जनका काम पनि निरन्तर रूपमा गरिए।'

■ तीन बैंक सम्मानित

राष्ट्र बैंकले आर्थिक वर्ष ०७९/८० मा बढी रेमिट्यान्स भित्र्याउने ग्लोबल आइएमई बैंक, हिमालयन बैंक र नेपाल एसबिआई बैंकलाई सम्मान गरेको छ। एक वर्षमा ग्लोबल आइएमई बैंकले २१.१ प्रतिशत, हिमालयन बैंकले २०.६ प्रतिशत र नेपाल एसबिआईले १९.१ प्रतिशत रेमिट्यान्स भित्र्याएको राष्ट्र बैंकले जनाएको छ। त्यस्तै, सबैभन्दा बढी रेमिट्यान्स भित्र्याउने रेमिट कम्पनी आइएमई लिमिटेडलाई पनि केन्द्रीय बैंकले सम्मानित गरेको छ। आइएमईले २७.५ प्रतिशत रेमिट्यान्स भित्र्याएको थियो। राष्ट्र बैंकका अनुसार गत आवमा १२ खर्ब २० अर्ब ५६ करोड रेमिट्यान्स भित्रिएको थियो।

हाइड्रो एक्स्पो सम्पन्न

लगानी र विद्युत् खपत वृद्धिमा सहयोग पुग्ने अपेक्षा

काठमाडौं/ चौथो संस्करणको 'हिमालयन हाइड्रो एक्स्पो, २०२४' सम्पन्न भएको छ। तीन दिनसम्म सञ्चालन भएको एक्स्पोले ऊर्जासम्बन्धी सचेतना वृद्धिमा उल्लेख्य सहयोग पुगेको आयोजक संस्थाहरूको भनाइ छ। इप्पानका अध्यक्ष गणेश कार्कीले एक्स्पोका कारण नेपाली ऊर्जा क्षेत्र अन्तर्राष्ट्रिय बजारमै परिचित भएको बताए। 'यो कार्यक्रमले राष्ट्रियस्तरमा मात्रै होइन, अन्तर्राष्ट्रियस्तरमै नेपाली ऊर्जा क्षेत्रबारे राम्रो सन्देश गएको छ। एक्स्पोमा नीतिगतलगायत विषयमा प्राविधिक छलफल भएको थियो। त्यसले थप नीतिगत सुधार गर्न सरकारलाई दबाब सिर्जना गरेको छ,' उनले भने, 'साथै, आसन्न लगानी सम्मेलनलाई पनि यसले ठूलो सहयोग पुग्ने अपेक्षा छ।'

सयभन्दा बढी स्टल रहेको एक्स्पोमा करिब २५ हजार अवलोकनकर्ताले अवलोकन गरेको इप्पानको भनाइ छ। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) र एक्स्पो एन्ड इभेन्ट म्यानेजमेन्ट सर्भिसेज प्रालिको संयुक्त आयोजनाबाट बुधबारदेखि काठमाडौंको भृकुटीमण्डपमा सुरु भएको एक्स्पो शुक्रबार सम्पन्न भएको हो। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र लगानी बोर्ड नेपालको संरक्षकत्वमा आयोजना भएको एक्स्पोको कन्ट्री पार्टनरमा भारतीय राजदूतावास थियो। अन्तिम दिन शुक्रबारको एक सत्रमा अर्थ-राजनीतिक, भू-राजनीतिक तथा कूटनीतिक मामिलाका विज्ञ अरुणकुमार सुवेदीले नेपालको जलस्रोत तथा ऊर्जा विकासमा भू-राजनीतिक प्रभाव रहेको बताए।

'अमेरिकी लगानीकर्ता नेपालमा लगानी गर्न इच्छुक'

काठमाडौं/ अमेरिकन व्यवसायीहरूको नेतृत्वदायी संस्था युएस चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष अतुल कश्यपले धेरै अमेरिकी लगानीकर्ता नेपालमा लगानी गर्न इच्छुक रहेको बताएका छन्। लगानी सम्मेलनमा सहभागी हुन अमेरिकी निजी क्षेत्रको प्रतिनिधित्व गर्दै काठमाडौं आएका उनले शुक्रबार अर्थमन्त्री वर्षमान पुनसँगको भेटमा नेपालमै रहेको बहुराष्ट्रिय कम्पनी कोकाकोलाले ठूलो लगानी बढाउने तयारी गरेको बताए।

सूचना प्रविधि क्षेत्र र अन्तर्राष्ट्रियस्तरको फनपार्कमा ठूलो लगानी गर्न अमेरिकी कम्पनीहरू इच्छुक रहेको कश्यपले बताए। 'कोकाकोलाले धेरै ठूलो स्तरमा लगानी विस्तार गर्दै छ,' उनले भने, 'अन्तर्राष्ट्रियस्तरको फनपार्क र सूचना प्रविधिको क्षेत्रमा पनि लगानी गर्न इच्छुक छौं।'

अर्थमन्त्री पुनले नेपालमा अन्तर्राष्ट्रिय लगानी भित्र्याउने विषयलाई सरकारले प्राथमिकतामा राखेको बताए। देशबाहिरको लगानी ल्याउने र देशभित्रका लगानीकर्तालाई पनि प्रोत्साहित गर्ने सरकारको मुख्य ध्येय रहेको पनि उनले बताए।

श्रीलंका र मालदिभ्सका लागि अमेरिकी पूर्वराजदूत तथा भारतका लागि अमेरिकी नियोग उपप्रमुखको भूमिका निर्वाह गरिसकेका अमेरिकाका पूर्वकूटनीतिज्ञ कश्यप यतिवेला युएस चेम्बर अफ कमर्समार्फत सक्रिय छन्।

निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/०१/१५)

रघौनी यादवको नातिनी, सुरुप यादवको छोरी, सिराहा जिल्ला, कल्याणपुर गा.पा./न.पा./उ.म.न.पा. वडा नं. ४ (हाल सिराहा जिल्ला, कल्याणपुर गा.पा./न.पा. वडा नं. ८) बस्ने लक्ष्मीनिया देवी यादव (ना.प्र.नं. ५८४०३१/१, जि.प्र.का. सिराहा) ले यस बैंकको मिचैया शाखामा देहायका बचत खाता नं. ०५५००९४४९८१०००१३ संचालन गर्दै आउनु भएकोमा निज खातावाला लक्ष्मीनिया देवी यादवको मिति २०७९/०५/०५ मा निधन भएकोले यस बैंकमा रहेको खाताको रकम मा भुक्तानी पाउँ भनी निज मृतकको आमा राम नारायण यादवले मिति २०८०/१०/२८ मा निवेदन गरेको हुँदा यस बैंकमा रहेको उल्लेखित बचत खातामा भएको रकममा अरु कसैको हकदावी भए "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा १११ (२) बमोजिम अग्राधिकारवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आ-आफ्नो भएको सबुद प्रमाण सहित यस बैंकमा हकदावी गर्न आउनुहोला। अन्यथा निवेदकको माग दावी बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, मिर्चैया

लक्ष्मी सन्राइज बैंक लिमिटेड
शाखा कार्यालय, चौतारा

निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

रण बहादुर सापकोटाको नाति, लाल बहादुर सापकोटाको छोरा, कमला सापकोटाको पति सिन्धुपाल्चोक जिल्ला, पिपलडाडा गा.वि.स वडा नं.०३ भई हाल सिन्धुपाल्चोक जिल्ला, चौतारा सागाचोकगढी न.पा. वडा नं. ०६ बस्ने बिर बहादुर सापकोटा क्षेत्रीको मिति २०८०/१२/०६ मा मृत्यु भएको कारण यस बैंक (साबिक लक्ष्मी बैंक) को शाखा कार्यालय चौतारामा निज मृतकको खाता नं.०६३४४०००६७२ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी निज मृतकको छोरा नाता पर्ने लाल बहादुर सापकोटाको नाति, बिर बहादुर सापकोटा क्षेत्रीको छोरा, संगिता अधिकारीको पति सिन्धुपाल्चोक जिल्ला, चौतारा सागाचोकगढी न.पा. वडा नं.०६ बस्ने रबि सापकोटा- १ तथा लाल बहादुर सापकोटाको नाति, बिर बहादुर सापकोटा क्षेत्रीको छोरा सिन्धुपाल्चोक जिल्ला, चौतारा सागाचोकगढी न.पा. वडा नं.०६ बस्ने विकास सापकोटा- २ ले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदकहरु बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदावी गर्न नआएमा निवेदकहरुको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ४४४६८४/८५
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

जहदा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मझारे, मोरङ
कोशी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आसयको सूचना

प्रकाशन मिति : २०८१/०१/१५

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको आ.व. २०८०/०८१ को स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम राजधानी दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम विद्युतिय माध्यमद्वारा प्राप्त हुन आएका बोलपत्रहरूमध्ये तपशिलको बोलपत्रदाता सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ बमोजिम स्वीकृतका लागि छनौट गरिएको यस कार्यालयको मिति २०८१/०१/१२ गते निर्णय भएकोले सोहि ऐनको दफा २७ को उपदफा २ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र. स	ठेक्का नं.	कामको विवरण	निर्माण व्यावसायीको नाम र ठेगाना	कबोल अंक (मु.अ. कर बाहेक)	कैफियत
१	JRM/WORKS/ NCB/2080/081-12	भातिगछ्र देखी गा.पा सम्म कालोपत्रे गर्ने कार्य क्रमागत	श्री अहुजा निर्माण सेवा, विराटनगर १३, मोरङ	२८,३०,४४४.६२ (अक्षेरुपी रु. अट्ठाइस लाख तिस हजार चार सय चौवालिस रुपैया वैसट्ठी पैसा मात्र)	

प्रमुख प्रशासकीय अधिकृत

शनिबार १५ वैशाख ०८१
www.nayapatrikadaily.com
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
नयाँ पत्रिका

६० ओभरको एकदिवसीय र टी-२० विश्वकप दुई-दुईपटक जितेको वेस्ट इन्डिजको 'ए' टोलीसँग आज नेपाल भिड्दै

विश्वस्तरीय खेलाडीबाट सिक्ने मात्र नभएर नेपाली खेलाडीलाई विश्वकपअघि आफूलाई प्रमाणित गर्ने अवसर



पहिलो खेल	१५ वैशाख
दोस्रो खेल	१६ वैशाख
तेस्रो खेल	१९ वैशाख
चौथो खेल	२० वैशाख
पाँचौं खेल	२२ वैशाख





त्रिवि क्रिकेट मैदानमा शुक्रबार अभ्यास गर्दै नेपाली (बायाँ) र वेस्ट इन्डिजका खेलाडी ।

नयाँ पत्रिका

६० ओभरको एकदिवसीय र टी-२० विश्वकप दुई-दुईपटक जितेको वेस्ट इन्डिजको 'ए'सँग नेपालले शनिबार टी-२० सिरिजअन्तर्गत पहिलो प्रतिस्पर्धा गर्दै छ । त्रिवि क्रिकेट मैदानमा यो प्रतिस्पर्धा नेपाली टोलीलाई विश्वस्तरीय खेलाडीबाट सिक्ने मात्र नभएर विश्वकपअघि आफूलाई प्रमाणित गर्ने अवसरसमेत हो ।

आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको पूर्वसन्ध्या तयारीस्वरूप वेस्ट इन्डिज नेपालमा खेल्न आएको हो । दुवै टोलीले सिरिजको पहिलो खेलअगाडि शुक्रबार अभ्यास गरेका छन् । सिरिजको दोस्रो १६ वैशाखमा, तेस्रो १९ वैशाखमा, चौथो २० वैशाखमा र पाँचौं खेल २२ वैशाखमा हुनेछ ।

वेस्ट इन्डिजका खेलाडीले नेट सेसनमा लामो सटलाई पहिलो प्राथमिकतामा राखेका थिए । शुक्रबार नेट अभ्यासका क्रममा वेस्ट इन्डिजका खेलाडीले त्रिवि क्रिकेट मैदानको बाउन्ड्री सानो लागेको ती क्यानका पदाधिकारीले बताए । 'नेट अभ्यासपछि उहाँहरूले मैदानको क्षेत्रफल र बाउन्ड्रीबारे जानकारी लिए,' ती सदस्यले नयाँ पत्रिकासँग भने, 'उनीहरूले आफ्नो घरेलु मैदानभन्दा हाम्रो त्रिवि मैदान सानो लागेको जस्तो बडिल्याग्वेज पाएँ ।' वेस्ट इन्डिज क्रिकेट बोर्डले नेपालविरुद्ध आफ्नो 'ए' टोली पठाए पनि अन्तर्राष्ट्रिय क्रिकेटका अनुभवी खेलाडीको बाहुल्यता रहेको छ । दुईपटकको एकदिवसीय र त्यति नै संख्यामा टी-२० आई विश्वकप ट्रफी उचालेको वेस्ट इन्डिजले घरेलु टोली नेपालविरुद्ध सहज नलिने योजना बनाएको छ ।

वेस्ट इन्डिज 'ए'का कप्तान रोस्टन चेजले पछिल्लो समय अन्तर्राष्ट्रिय खेलम राम्रो नतिजा निकालेको नेपाली क्रिकेटरविरुद्ध खेल्न पाउँदा उत्साहित भएको बताएका छन् । 'विगत एक वर्षदेखि नेपालले अन्तर्राष्ट्रिय क्रिकेटमा उत्कृष्ट प्रदर्शन गरिरहेको छ, नेपाली खेलाडीसँग खेल्न हामी सबै उत्साही छौं,' शुक्रबार पाँच टी-२० आईको पहिलो खेलअघि कप्तान चेजले भने । वेस्ट इन्डिजले जस्तै नेपालले पनि टी-२० विश्वकपकै तयारीका रूपमा सिरिजलाई लिएको छ । 'अहिले नेपाल भ्रमणमा रहेका खेलाडी निकै राम्रा छन्, अन्तर्राष्ट्रिय क्रिकेटकै अनुभवी खेलाडीविरुद्धको प्रतिस्पर्धाले हाम्रो विश्वकप तयारीमा सहयोग मिल्नेछ,' नेपालका कप्तान रोहित पौडेलले भने । गत साता ओमानमा भएको एसिसी प्रिमियर कपमा राम्रो नतिजा निकाल्न नसक्दा दुःखी भएको प्रसंग उनले निकाले । 'ओमानमा सुरुदेखि नै नेपालको प्रदर्शन निकै राम्रो भएको थियो, तर दुई खेलमा खराब नतिजा सामना गरौं, त्यसमा हामी सबै दुःखी छौं,' प्रिमियर कपको समीक्षा गर्दै उनले भने, 'त्यसलाई भुलेर फेरि राम्रो सुरुवात गर्नुपर्छ ।'

अमेरिका र वेस्ट इन्डिजले संयुक्त रूपमा आयोजना गर्ने टी-२० विश्वकप आउन डेढ महिना बाँकी छ । दोस्रोपटक विश्वकप खेल्न लागेको नेपालले राम्रो अभ्यास गर्ने अवसर पाएको कप्तान रोहितको भनाइ छ । 'प्रिमियर कपमा खराब नतिजा व्यहोरे पनि हामीले आइसिसी टी-२० विश्वकपअघि विश्वकै एक उत्कृष्ट टोलीसँग अभ्यास खेल खेल्ने मौका पाएका छौं,' उनले भने । विश्व क्रिकेटमा वेस्ट इन्डिजको उपस्थिति दरिलो छ । सन् १९७५ र ७९ मा वेस्ट इन्डिजले लगातार दुईपटक ६० ओभरको एकदिवसीय विश्वकप जितेको थियो । सन् २०१२ र २०१६ मा यस टोलीले टी-२० आई विश्वकप उपाधि उचालेको थियो ।

विश्व क्रिकेटमा नेपालको उत्कृष्ट प्रदर्शन नै सन् २०१४ को टी-२० विश्वकप खेल्नु थियो । १० वर्षपछि नेपालले टी-२० विश्वकपमा स्थान बनाएको हो । आधिकारिक रूपमा नेपाल र वेस्ट इन्डिजको सिनियर टोलीबीच गत वर्ष जिम्बाबेमा भएको एकदिवसीय विश्वकप छनोटमा प्रतिस्पर्धा गरेका थिए ।

■ विश्वकपअघि नेपालले वेस्ट इन्डिजमा अभ्यास गर्ने

नेपालले विश्वकपअघि वेस्ट इन्डिजमा प्रशिक्षण र अभ्यास गर्ने भएको छ । नेपाल क्रिकेट संघ (क्यान)का अनुसार नेपालले ७ देखि १५ मेसम्म वेस्ट इन्डिजमा रही वैदेशिक प्रशिक्षण र अभ्यास गर्ने जनाएको छ । वेस्ट इन्डिजमा सेन्ट भिन्सेन्टमा अभ्यास गर्ने क्यानले जनाएको छ । नेपालले घरेलु मैदानमा वेस्ट इन्डिजविरुद्धको खेलपछि वेस्ट इन्डिज प्रस्थान गर्ने तालिका रहेको छ ।

नेपाली टोलीमा चार खेलाडी थपिए

क्यानले वेस्ट इन्डिज 'ए'विरुद्ध पाँच म्याचको टी-२० सिरिज खेल्ने नेपाली टोलीमा चार सदस्य थपिएका छन् । क्यानका सचिव पारस खड्काले शुक्रबार विनोद भण्डारी, सागर ढकाल, कमलसिंह ऐरी र लोकेश बमलाई टोलीमा थप गरेको जानकारी दिएका छन् । आयरल्यान्ड 'ए'विरुद्ध भएको सिरिजका क्रममा तीव्र गतिका बलर कमल र ब्याट्समान लोकेश बमले उत्कृष्ट प्रदर्शन गरेका थिए । विनोद भण्डारी नेपाल 'ए'का कप्तान र सागर पनि 'ए'का सदस्य हुन् । चार खेलाडी थप भएपछि अब नेपाली टोलीमा २० संख्या पुगेको छ । क्यानले बिहीबार १६ सदस्यीय टोली सार्वजनिक गरेको थियो । एसिसी प्रिमियर कप खेलेको टोलीमा आकाश चन्द र आरिफ शेखलाई थपिएको थियो ।

नेपाली टोली

रोहित पौडेल (कप्तान), आसिफ शेख, कुशल भुर्तेल, अनिल शाह, आरिफ शेख, सन्दीप जोरा, दीपेन्द्रसिंह ऐरी, कुशल मल्ल, गुलसन झा, ललित राजवंशी, करण केसी, सोमपाल कामी, प्रतिश जिसी, अभिनाश बोहरा, विवेक यादव, आकाश चन्द, विनोद भण्डारी, सागर ढकाल, कमलसिंह ऐरी र लोकेश बम ।

वेस्ट इन्डिज टिम

रोस्टन चेज (कप्तान), एलिक एथानाज (उपकप्तान), फेबियन एलेन, कादिम एलिन, जोसुआ बिसप, केसी कार्टी, जोनसन चार्ल्स, मार्क देयल, आन्द्रे फ्लेचर, म्याथ्यु फोर्ड, ओबेद म्याककोए, गुडाकेस मोती, किमो पल, ओसान थोमस, हेडेन वाल्स ।

खेलाडीलाई प्रमाणित गर्ने अवसर

मोन्टी देसाई, प्रशिक्षक, नेपाल



मैले यसअघि वेस्ट इन्डिजको क्रिकेट हेरेको थिएँ । उनीहरूको नेपाल भ्रमणलाई लिएर उत्साही छु । वेस्ट इन्डिजका खेलाडी अनुभवी छन् । नेपाली खेलाडीलाई वेस्ट इन्डिज 'ए'विरुद्ध आफूलाई प्रमाणित गर्ने राम्रो अवसरसमेत हो ।

नेपालका खेलाडी राम्रा छन्

फलोयड रिफर, प्रशिक्षक, वेस्ट इन्डिज 'ए'



गत वर्ष जिम्बाबेमा एकदिवसीय विश्वकप छनोटमा हामीले नेपालविरुद्ध खेलेका थियौं । त्यसवेला नेपालका केही खेलाडीले राम्रो प्रदर्शन गरेका थिए । त्यसकारण हामीलाई नेपालको स्तर र खेलाडीबारे राम्रोसँग जानकारी छ । यस सिरिजबाट विश्वकपका लागि अन्तिम खेलाडी छनोट हुनेछन् ।

राम्रो टोलीविरुद्ध राम्रो खेल्छौं

रोहित पौडेल, कप्तान, नेपाल



टी-२० विश्वकप अगाडि वेस्ट इन्डिजको 'ए'सँग घरेलु मैदानमा खेल्न पाउँदा सबैजना उत्साहित छौं । यतिवेला सबै खेलाडीले एसिसी प्रिमियर कपको नतिजा भुलेका छौं । त्यो नतिजालाई लिएर बस्नुभन्दा वेस्ट इन्डिज 'ए'विरुद्ध सबैजनाले राम्रो खेल्नुपर्छ ।

विश्वकपको तयारी हो

रोस्टन चेज, कप्तान, वेस्ट इन्डिज 'ए'



नेपालसँगको सिरिज विश्वकप तयारीस्वरूप हो । हरेक खेलाडीलाई विश्वकपमा स्थान बनाउने अवसरसमेत हो । अहिले हाम्रो टोलीमा दुई खेलाडीको मात्र स्थान बाँकी छ । नेपालको घरेलु मैदानमा आज १५ हजार दर्शकबीच खेल्दा हामी पनि रोमाञ्चित हुनेछौं ।

वेस्ट इन्डिज

आइसिसीको पूर्ण सदस्य सन् १९२६

६० ओभरको एकदिवसीय विश्वकप उपाधि
सन् १९७५, १९७९

टी-२० आई विश्वकप उपाधि
सन् २०१२ र २०१६

पहिलो टेस्ट
इंग्ल्यान्डविरुद्ध (२३-२६ जुन सन् १९२८)
टेस्ट : ५७५ खेल, १८३ जित, २१० हार, १८१ ड्रा, १ टाई

विश्व टेस्ट च्याम्पियनसिप
(दोस्रो २०१९-०२१)

पहिलो एकदिवसीय
इंग्ल्यान्डविरुद्ध (५ सेप्टेम्बर, १९७३)
एकदिवसीयमा ८७३ खेल, ४२० जित, ४१२ हार, ११ टाई, ३० नो रिजल्ट

पहिलो टी-२० आई
न्युजिल्यान्ड (१६ फेब्रुअरी २००६)
टी-२० आईमा १९२ खेल, ८० जित, ९९ हार, ३ टाई, १० नो रिजल्ट

आइसिसीमा उत्कृष्ट स्थान

टेस्ट	पहिलो	सन् १९६४
एकदिवसीय	पहिलो	सन् १९८१
टी-२०आई	पहिलो	सन् २०१६

नेपाल

आइसिसीको एसोसिएट एकदिवसीय मान्यता सन् २०१८

टी-२० आईमा उत्कृष्ट स्थान
एकदिवसीयमा १४
टी-२० आईमा ११

पहिलो एकदिवसीय खेल
नेदरल्यान्ड्स (१ अगस्ट २०१८)
६६ खेल, ३४ जित, ३० हार, १ टाई, १ नो रिजल्ट

टी-२० आईमा पहिलो खेल
हङकङ (१६ मार्च, २०१४)
८५ खेल, ४९ जित, ३३ हार, १ टाई, २ नो रिजल्ट

टी-२० आईमा विश्वकप सहभागिता
सन् २०१४ र २०२४ मा सहभागी हुँदै

नीरजले जिते सूर्य नेपाल काठमाडौं



काठमाडौं / नीरज तामाङले कोर्स रेकर्ड बराबरी गर्दै समग्रमा आठ अन्डर दुई सय ६४ को स्कोर गरी करिअरकै पहिलो उपाधिका रूपमा सूर्य नेपाल काठमाडौं ओपन जितेका छन् । प्रतियोगिताको अधिल्लो दिन ६ स्ट्रोकको दरिलो अग्रता लिएका भुवन नगरकोटीलाई नीरजले एक स्ट्रोकले हराउँदै उपाधि जितेका हुन् । उनले एक लाख २० हजार रुपैयाँ पाएका छन् । सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको सातौं प्रतियोगिताको अन्तिम दिन धरानका प्रोफेसनल नीरजले आठ अन्डर ६० स्कोरको सानदार नतिजामा शिवराम श्रेष्ठको कोर्स रेकर्ड बराबरी गरेका हुन् । शिवरामले सन् २०१५ मा एनपिजिए प्रेसिडेन्ट्स कपमा आठ अन्डर गरेका थिए । लगातार तीन दिन शीर्ष स्थानमा रहेका भुवनभन्दा नीरज सात स्ट्रोकले पछि थिए । अन्तिम १८ होलको सुरुवातमा भुवनसँग दिनेश प्रजापतिविरुद्ध ६ स्ट्रोकको फराकिलो अग्रता थियो । तर, भुवनले इभन पार ६८ स्कोर गर्दै समग्रमा सात अन्डर दुई सय ६५ स्कोरसहित दोस्रो स्थानमा चित्त बुझाए । उनले ८२ हजार रुपैयाँ प्राप्त गरे । चार अन्डर ६४ स्कोरका साथ तेस्रो स्थानमा रहेका जयराम श्रेष्ठले ६६ हजार रुपैयाँ पाए । समग्रमा इभन पार दुई सय ७२ स्कोर गरेका तोरणविक्रम शाही चौथो भए । समग्रमा दुई ओभर दुई सय ७४ स्कोरसहित पाँचौं भएका धनबहादुर थापाले ४५ हजार रुपैयाँ पाएका छन् ।

पोखरामा एसियन ट्रायथोलन आजदेखि

कास्की / पोखरामा शनिबार र आइतबार एसियन ट्रायथोलन कप तथा साउथ एसियन च्याम्पियसिप हुँदै छ । आयोजक नेपाल ट्रायथोलन संघले पुरुष र पुरुष च्याम्पियनसिपको तयारी पूरा भएको शुक्रबार जनाएको छ । कास्की जिल्ला ट्रायथोलन संघका अध्यक्ष र प्रतियोगिता व्यवस्थापन कमिटीका संयोजक डिल्लीराज सुवेदीले प्रतियोगितामा १५ राष्ट्रले भाग लिने जानकारी दिए । उनका अनुसार ३८ पुरुष र २४ महिलाले प्रतिस्पर्धा गर्नेछन् । नेपालसँगै अस्ट्रेलिया, युनाइटेड अरब इमिरेट्स, प्यालेस्टाइन, उरुग्वे, अस्ट्रिया, अल्जेरिया, न्युजिल्यान्ड, लक्जम्बर्ग, जापान, भारत, मोरिसस, काजाकास्तान, बंगलादेश र उज्वेकिस्तानका खेलाडी सहभागी हुँदै छन् । नेपालका चार महिला र पाँच पुरुषले भाग लिने सुवेदीले बताए ।

महिलामा पुष्पा रोकाया, शोभा बलामी, श्रेवी महर्जन र ज्ञानुकुमारी चौधरी रहेका छन् । पुरुषतर्फ विपान खत्कत्वा, मुकेश थारू, प्रबिन थारू, यजु महर्जन र मौलिक महर्जन सहभागी हुँदै छन् । ट्रायथोलनको स्प्रिन्ट विधाअन्तर्गत फेवातालमा सात सय ५० मिटर पौडी, २० किलोमिटर साइक्लिङ र पाँच किलोमिटर दौड हुनेछ । पौडी फेवातालमा हुनेछ ।



E-mail: narcononnepal@gmail.com, Website : narcononnepal.org.np

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
शहरी विकास तथा भवन कार्यालय
वाग्मती प्रदेश, काठमाडौं

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धमी सूचना

प्रकाशित मिति : २०८०/०१/१५

यस कार्यालयवाट मिति २०८०/१०/२८ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार तपशिल बमोजिमको ठेक्का E-GP मार्फत पेश भएका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव मुल्यांकन गर्दा तपशिलका बोलपत्रदाताहरुको प्राविधिक बोलपत्रमा सारभूतरुपमा सफल भएकोले तपशिलका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मिति २०८१/०१/२३ गते दिनको १:०० बजे देखि यस कार्यालयमा क्रमश खोलिने भएकोले सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

1. Contract No : UDBO/KTM/WORKS/NCB/38-080/081 "Godawari Na Pa -1 Dhunge Sangu Muktinath Mandir, Bhairavsthan Mandir hundai Mahalaxmi na Pa -08 Shankhadevi Jane Sadak Tatha Pul Nirman Tatha Sthar Unnati"

1. Samjhana-Shiva JV, Luvu-8 Lalitpur	2. Harittara Construction Pvt. Ltd., Baneshwor-10 Kathmandu
3. Timalsena/Bijan JV, Kiritipur-10 Kathmandu	

2. Contract No : UDBO/KTM/WORKS/NCB/39-080/081 " Construction of Bhaktapur District Suryabinayak Nagarpalika Ward no 1 and 4 from Sai- Ganesh mandir Through Charkhandi Temple to Biruwa Bus park"

1. Timely Construction Pvt. Ltd., Chisapani-05 Hetauda	2. Bipu-bg.bee- Dhap JV, Chabahil 7, Kathmandu
3. Skyline Construction	

कार्यालय प्रमुख

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com